क्रमसंख्या–६७

# के बुद्धधर्म हिन्दूधर्मको शाखा हो र ?

लेखक :
तिलकमान गुभाजु
पोखरा

बु. सं. २५३३
बि. सं. २०४६

ने. रू. ४/५०

Downloaded from http://dhamma.digital

## आनन्दकुटी विहार गुठीको प्रकाशनः

| | | | |
|---|---|---|---|
| १. | बुद्धकालीन ब्राह्मण | भाग–१ (अप्राप्य) | ... रू. ७/– |
| २. | बुद्धकालीन ब्राह्मण | भाग–२ | ...रू. १५/– |
| ३. | बुद्धकालीन ब्राह्मण | भाग–३ | ...रू. १७/– |
| ४. | बुद्धकालीन गृहस्थीहरू | भाग–१ (अप्राप्य) | रू. ८/– |
| ५. | बुद्धकालीन गृहस्थीहरू | भाग–२ | ...रू. १५/– |
| ६. | बुद्धकालीन गृहस्थीहरू | भाग–३ | ...रू. १५/– |
| ७. | बुद्धकालीन महिलाहरू | भाग–१ (अप्राप्य) | ...रू. ८/– |
| ८. | बुद्धकालीन महिलाहरू | भाग–२ | ...रू. १४/– |
| ९. | बुद्धकालीन राजपरिवार | भाग–१ | ...रू. १०/– |
| १०. | बुद्धकालीन राजपरिवार | भाग–२ | ...रू. १६/– |
| ११. | बुद्धकालीन राजपरिवार | भाग–३ | ...रू. १८/– |
| १२. | बुद्धकालीन परिव्राजकहरू | भाग–१ | ...रू. १६/– |
| १३. | बुद्धकालीन परिव्राजकहरू | भाग–२ | ...रू. १५/– |
| १४. | बुद्धकालीन परिव्राजकहरू | भाग–३ | ...रू. २३/– |
| १५. | बुद्धकालीन श्रावक-चरित | भाग–१ (अप्राप्य) | रू. ९/– |
| १६. | बुद्धकालीन श्रावक-चरित | भाग–२ | ...रू. १७/– |
| १७. | बुद्धकालीन श्रावक-चरित | भाग–३ | ...रू. २०/– |
| १८. | बुद्धकालीन श्रावक-चरित | भाग–४ | ...रू. १४/– |
| १९. | बुद्धकालीन श्रावक-चरित | भाग–५ | ...रू. १४/– |
| २०. | बुद्धकालीन श्रावक-चरित (५५) | भाग–६ | .. रू. ३०/– |
| २१. | बुद्धकालीन श्राविका-चरित | भाग–१ (अप्राप्य) | ...रू. २२/– |
| २२. | बुद्धकालीन ब्रह्मादिदेव | भाग–१ | ...रू. १८/– |

Downloaded from http://dhamma.digital

क्रमसंख्या–६७

# के बुद्धधर्म हिन्दूधर्मको शाखा हो र !


लेखक :

**तिलकमान गुभाजु**

**पोखरा**



बु. सं. २५३३

बि. सं. २०४६

ने. रू. ४।५०


Downloaded from http://dhamma.digital

प्रकाशक :

"आनन्द कुटी विहार गुठी"
(सं. द. नं. १/०३१ प्र. जि. अ. का. का.)
आनन्दकुटी विहार, स्वयम्भू,
काठमाडौं, नेपाल ।

फोन- २७१४२०

(सर्वाधिकार सुरक्षित)

बु. सं. २५३३
ने. सं. ११११
वि. सं. २०४६
ई. सं. १९८९

प्रथम संस्करण- ३०००

मुद्रक :
नेपाल प्रेस
शुक्रपथ, काठमाडौं ।
फोन : २२१०३२

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

कुनैपनि धर्म सच्चा मार्ग देखाउने प्रवृत्ति अर्थात् लक्ष्य लिएर नै उत्पन्न हुने गर्दछ । त्यसकारण कुनैपनि धर्मलाई बिवेचना गर्नु उचित हुँदैन । केही साल यतादेखि बुद्धधर्मलाई हिन्दूधर्मको शाखा हो भनी भन्ने प्रयास भई आएकोछ । त्यो विवादास्पद शब्द अथवा बाक्यलाई सुन्दा अप्ठेरो अवश्य भएको छ । त्यस्तै तथ्यांक लिंदा हिन्दूधर्म र बुद्धधर्म छुट्याउँदै गरेको पनि हामी पाउँछौं । प्रत्येक पटक तथ्यांक लिंदा बौद्ध प्रतिशत घट्दै गएको पनि नदेखाइएको होइन । तथ्यलाई तथ्य दिनु आवश्यक छ । यो खुल्दुली पोखराका तिलकमान गुभाजुले पोख्नु भएको "के बुद्धधर्म हिन्दूधर्मको शाखा हो र ?" मा पाईन्छ । आनन्दभूमि मासिक पत्रिकामा पनि छाप्दै गरेको छ । अब पुस्तकको रूप लिई आएको छ । यो पुस्तक लुम्बिनीमा आयोजित दोश्रो राष्ट्रिय बौद्ध सम्मेलनको अवसरमा आनन्दकुटी विहार गुठीको तर्फबाट छाप्न पाउँदा अति खुशी लागेको छ । यो पुस्तकद्वारा लेखकले पुष्टीकरण तथा प्रष्टीकरण ग्रन्थ प्रमाण सहित राम्रोसँग दिनु भएको महत्वपूर्ण छ । यसलाई राम्रोसंग अध्ययन गरी तथ्य कुरालाई बुझिदिनु भएमा राम्रो हुनेछ । यस महत्वपूर्ण पुस्तक मेहेनत साथ लेखी छपाई गर्न यस गुठीलाई सुम्पिनु भएकोमा लेखक धन्यवादका पात्र हुनुहुन्छ ।

Downloaded from http://dhamma.digital

वहाँलाई यस्तै तथ्य कुरा लेखी प्रकाशमा ल्याउन हौसला र प्रेरणा मिलोस् यही हाम्रो कामना छ ।

प्रस्तुत पुस्तक आनन्दकुटी विहार गुठीको ६७ औं प्रकाशन हो ।

भिक्षु मैत्री
सदस्य–सचिव
आ. कु. वि. गुठी
स्वयम्भू, काठमाडौं ।

टेलिफोन : २७१४२०
२१५०२०
२०।८।०४६

Downloaded from http://dhamma.digital

# भूमिका

मैले प्रस्तुत पुस्तकको पाण्डुलिपी आद्योपान्त हेरें । केही परिपक्व भनौं या अपरिपक्व विद्वानहरूले बुद्धधर्म हिन्दूधर्मको शाखा हो, भगवान् बुद्ध विष्णुको नवौं अवतार हुन् भनेर एकतर्फी प्रचार–प्रसार गर्दै आएको सन्दर्भमा यो एक सविनय उत्तर हो भन्ने मलाई लाग्यो । यो पुस्तकका केही अंशहरू अन्य शिर्षक अन्तर्गत पत्र-पत्रिकामा पहिले प्रकाशित भइसकेका छन् । अब आनन्दकुटी विहार गुठीले 'के बुद्धधर्म हिन्दूधर्मको शाखा हो र ?' भन्ने शिर्षक दिएर पुस्तकको रूपमा प्रकाशित गरेकोमा मलाई धेरै खुशी लागेकोछ । त्यसमा पनि राजधानी बाहिरका लेखकको पुस्तक छापेर आनन्दकुटीले उदारता प्रदर्शन गरेकोछ । यसबाट बाहिरका धर्मप्रिय प्रतिभाहरू प्रोत्साहित हुनेछन् भन्ने मलाई लागेकोछ ।

लेखक मेरो निकटतम मित्र हुनुहुन्छ । हामीले धर्म र राज-नीतिका विषयमा आ–आफ्नो सीमित ज्ञानको आधारमा धेरै छलफल विचार विमर्श गर्दै आएकाछौं । धर्मलाई हामीले अन्धानुकरण गर्ने कुरा मात्र नसम्झी तटस्थ किसिमले हेर्दै अध्ययन गर्ने गरेकाछौं । त्यही अध्ययनको फलस्वरूप मैले 'हिन्दू संस्कृति र आधुनिकता' नामक किताब लेखें । मेरो त्यो किताब निकै चर्चित रह्यो । त्यो प्रकाशित नगर्ने

Downloaded from http://dhamma.digital

मलाई दबाब पनि आएको थियो । तर त्यो एउटा आवश्यकता थियो, मेरो विवेकको आवाज थियो । मानव मात्रको त्यो कल्याणको विषय भएकोले त्यसलाई बाहिर ल्याउनु थियो, मैले ल्याएँ ।

त्यस्तै मित्र तिलकमान गुभाजूले पनि बुद्धधर्म हिन्दूधर्मको शाखा हो, भगवान् बुद्ध विष्णुको नवौं अवतार हुन् भन्ने कुरा पचासौं घटक सुन्नुभयो । सुनेर मात्र ता के हुने हो र ? सुन्न त के–के सुनियो, कति–कति सुनियो, त्यसको लेखाजोखा नै कहाँ हुन्छ र ? तर लेखकको संवेदनशील मस्तिष्कले त्यो कुरालाई निकै गहिरिएर हेऱ्यो । उहाँले भगवान् बुद्धलाई विष्णुको अवतार भन्ने धर्मात्माहरू त्यो अवतारको प्रतिमूर्ति विराजमान भएको विहारमा जान हिचकिचाउने गरेको र आफ्नो भित्री सर्कलमा बुद्धलाई नास्तिक भनेर निन्दा गर्ने गरेको चाल पाउनु भयो । बाहिर मुखले सबै भगवान् एउटै हुन्, सबै धर्म बराबर हुन भनेर प्रचार गर्नेहरूबाट व्यवहारमा बुद्धधर्मलाई पक्षपात गरेको कुरा उहाँले थाहा पाउनु भयो । बुद्धधर्मलाई हिन्दूधर्मको शाखा हो भनेर व्याख्या गर्नेहरूबाट बुद्धधर्मलाई सारभूतरूपमा टेवा र सहयोग प्राप्त नभएको कुरा उहाँले अनुभव गर्नु भएपछि धर्मको अग्रणी व्याख्याताहरूको अन्तरहृदयमा केही कालो छ कि भन्ने कुरा लेखकलाई महशूस हुनु स्वाभाविकै थियो । अनि उहाँले त्यो कुराको खोजीगर्न इतिहासका पानाहरू पल्टाउनु भयो जसको फलस्वरूप आज हाम्रो सामु यो पुस्तकको रूपमा आइरहेछ ।

लेखकले यसमा आफ्ना कुराहरू सिद्धगर्न गौतम बुद्धका पालाका घटनाहरू कोट्याउनु भएकोछ, बुद्धधर्म र हिन्दूधर्मका सिद्धान्त, आदर्श

Downloaded from http://dhamma.digital

र ब्यवहारहरूको यथासम्भव गहिरिएर अध्ययन गर्न खोज्नु भएकोछ र हिन्दू शास्त्र एवं समय–समयका हिन्दू विद्वानहरूका विचारहरू उल्लेख-गर्नु भएकोछ । यी सबै कुरा थाहा पाउँदा यी दुइ धर्मका बीचको फरक स्पष्ट हुन्छ ।

मैले रामायण धेरै पटक पढेकोछु । तर त्यसमा बुद्धलाई गाली गरेको वाक्य 'यथा हि चोर स तथाहि बुद्ध, तथागतं नास्तिक-मत्र विद्धि... ' छ भन्ने कुरा याद थिएन । लेखकको अनुरोधमा मैले वाल्मिकी रामायण र त्यसको नेपाली अनुवाद दुबै हेरें । तिनीहरूमा त्यो श्लोक उल्लेख भएको देखेर म आफै आश्चर्यचकित भएकोछु । र रामभन्दा बुद्ध नै जेष्ठ त होइनन् भन्ने प्रश्न गर्न मलाई बाध्य हुनुपरेको पनि छ, तर त्यो जे होस्, त्यसको निर्णय पछि हुँदै गर्ला ।

प्रस्तुत पुस्तकमा लेखकले अहिंसा सम्बन्धमा बुद्धधर्म र हिन्दू-धर्मको रोचक चित्रण प्रस्तुत गर्नु भएकोछ । हुन पनि हिन्दूधर्मका अन्य सबै अवतारहरू हिंसात्मक प्रकृतिका छन् । राम र कृष्णबाट झन ठूलो हिंसा भएको रामायण र महाभारतबाट प्रष्ट हुन्छ । त्यसैले लेखकले हिन्दूधर्मको अहिंसाको चित्र यसरी उतार्नु भएको छ– कुनै हिन्दूले एउटा हातले अहिंसा परमोधर्मको ब्यानर देखाउँछ भने यो निश्चय छ कि उनको अर्को हात, दाहिने हात, अवश्य धारिलो खुडा या तरवार या धनुषकाँढले युक्त हुनेछ ।

पुस्तकमा दिइएका प्रमाणहरू सशक्त छन् । पेश गरेको तरीका रूचीपूर्ण छ । लेखकले आफ्नो कुरा सिद्धगर्न खोज्दा कहिंकतै पुनरावृत्ति

Downloaded from http://dhamma.digital

भएको जस्तो देखिएकोछ । अन्यथा भाषा सरल छ । विषय वस्तु महत्व छ, व्यापक छ । पुस्तक प्रत्येक हिन्दू, बौद्ध एवं तत्सम्बन्धी अध्ययन गर्नेहरूले पढ्नु आयश्यकछ । यसले हाम्रो समाजमा विद्यमान भ्रम धारणाहरू हटाउन सहयोग पुऱ्याउनेछ भन्ने मैले आशा लिएको छु ।

**पं० मुक्तिनाथ शर्मा तिमिल्सिना**

वाटुलेचौर, पोखरा ।

Downloaded from http://dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# के बुद्धधर्म हिन्दूधर्मको शाखा हो र ?

– तिलकमान गुभाजु

१. बुद्धधर्मको सर्वव्यापकतामा आज शायदै कसैलाई शंका होला । बुद्धधर्मलाई न कुनै देशको राजनीतिले रोकेको पाइन्छ, न त भूगोलको परिधिले नै छेकेको देखिन्छ । विश्वका कतिपय धर्म एवं सम्प्रदायहरू पृथ्वीको कुनै विशेष भू-भागलाई चोखो र पवित्र सम्झेर तथा जन्म र वर्णलाई उच्चनीच ठानेर सानो परिधिमा आफूलाई स्निग्ध र पवित्र सम्झन्छन् भने बुद्धधर्म जातीय भेदभावदेखि माथि उठेको मानव धर्म भएकोले यो धर्म विश्वलाई नै आफ्नो कर्मक्षेत्र मानेर संपूर्ण मानवलाई कसरी शान्ति, मैत्री र अहिंसाको पाठ सिकाउँ भनेर तल्लीन भएको देखिन्छ । त्यसैले यो विश्वव्यापी धर्म हुन पुगेको हो । गौतम बुद्ध नेपालमा जन्मेका हुन् तापनि तथागतद्वारा प्रतिपादित बुद्धधर्म दक्षिण पूर्वी एशियाका कतिपय देशहरूको राष्ट्रिय धर्म हुन पुगेको छ र उनलाई एशियाको प्रकाश भनिएको छ । तर आज बुद्ध एशियाको मात्र प्रकाश होइनन्, विश्वको नै ज्योतिपुञ्ज हुन पुगेका छन् । बुद्धको 'बाँच र बाँच्न देउ' भन्ने उपदेशले आज शान्तिपूर्ण सह-अस्तित्वको भावना

Downloaded from http://dhamma.digital

जगेर्ना गर्नमा विश्वलाई ठूलो सघाउ पुऱ्याइरहेछ । उनको पञ्चशीलको सिद्धान्त सबैकालागि चिन्तननीय र मनननीय मात्र होइन, ग्राह्य पनि भएको छ । उनले देखाएको त्यही बाटो विश्व शान्तिकोलागि सही जँचेको छ । आज बुद्ध भनेको शान्ति र शान्ति भनेको बुद्ध हुन पुगेको छ । अर्थात् बुद्ध र शान्ति एक अर्काको पर्यायवाची भएका छन्, अन्योन्याश्रित भएका छन् । असलमा, बुद्ध शान्तिका प्रवर्तक भएका छन् । यति महत्त्व र यति व्यापकता यसले समेटेको छ तापनि यस धर्मबारे अझै भ्रम धारणाहरू छन्, गलत विचारहरू छन् । यतिसम्म कि नेपाल र भारतका कतिपय शीर्षस्थ कहलिएका धार्मिक विद्वानहरू पनि त्यस भ्रम धारणाबाट अछुतो छैनन् । त्यस किसिमका कहलिएका विद्वानहरूले कहिलेकांही बुद्धधर्म सम्बन्धमा प्रकट गरेका विचारहरूबाट यो प्रष्ट हुन्छ ।

२. हाम्रो समाजमा अधिकांशत पुर्खाले मानिआएको धर्म मान्ने चलन छ । एउटा मानिसले जुन धर्म मानेको हुन्छ, उसले त्यसैलाई सर्वश्रेष्ठ सम्झन्छ । साधारणतया आफूले मानेको धर्मभन्दा असल र व्यापक अरू धर्म हुन सक्छ भन्ने कुरा उ स्वीकार गर्न सक्दैन । ऊ आफ्नै धर्मको महिमा र गरिमाको बखान गर्दै जान्छ र त्यसैमा गर्व गर्दछ । अरू धर्मबारे सुन्ने पढ्ने र बुझ्ने हाम्रो चलन शून्य प्रायः छ । कहलिएका विद्वानहरू पनि आफ्नो धर्मको विशेषता र अर्काको धर्मको खराबी मात्र औंल्याउने गर्दछन् । यस्तो एकतर्फी विचारले मानिसलाई एकलकाटे मात्र बनाउँछ । हाम्रा बहुसंख्यक विद्वानहरू त्यही एकतर्फी अध्ययनका शिकार भएका छन् । त्यसो हुँदा उनीहरू अरू धर्मको

Downloaded from http://dhamma.digital

भन्ने त्यसबेला छंदै थिएन । "हिन्दू" भन्ने शब्दनै कहिकतै थिएन । "हिन्दू" शब्द बैदिक बाङमयमा र तत्कालीन शब्दकोषमा पनि थिएन । पछि आएको हिन्दू शब्दलाई त्यसैबेला थियो भनेर भन्दा त्यति ठूलो शब्दको इतिहास नै तोडमरोड हुने देखिन्छ । कुनैको पनि इतिहास बग्यांउनु, बहकाउनु एवं अतिशयोक्ति किसिमले भन्नु उपयुक्त हुँदैन । त्यसमा पनि इतिहासमा काल विभाजनको ठूलो महत्त्व हुन्छ । त्यसैमा गडबडी भएमा वास्तविकता लोप हुन्छ, यथार्थता विलीन हुन्छ र सत्यता हराउँछ । अनि समाजमा अनावश्यक भ्रम पैदा हुन्छ । आज हाम्रो सामु त्यही भ्रम ब्याप्तछ । बुद्धधर्मलाई हिन्दूधर्मको शाखा भन्नु भन्दा पहिले हिन्दू शब्द कहिलेबाट आयो, कसरी आयो त्यसको इतिहास खोज्नु आवश्यक छ । बुद्धको पालामा 'हिन्दूधर्म' नामको धर्म प्रचलनमा थिएन । ब्राह्मण धर्म भन्ने चाहिं थियो ।

५. दोश्रो कुरा बुद्धकालीन अवस्थामा बैदिकधर्म प्रचलनमा थियो । त्यो आर्यहरूको धर्म भएकोले त्यसलाई आर्यधर्म पनि भनिन्थ्यो । बैदिकधर्ममा आर्यधर्म भन्ने नाम ब्यापक अर्थमा थियो । तर पछि के–कसरी हो, ब्राह्मणधर्म, पुरोहितवाद, हिन्दूधर्म भन्ने कथाहरूमा उल्लेख भए । बैदिकधर्म र हिन्दूधर्म एउटै हो कि होइन, त्यति प्रचलित बैदिकधर्मलाई हिन्दूधर्म भनेर किन के कारणले भनियो, त्यसको के आवश्यकता थियो, त्यो नाम परिवर्तन यहींको आवश्यकता अनुसार भएको थियो कि अर्काको बहकाउमा राखिएको नाम हो, त्यो नाम परिवर्तन भए पश्चात धर्ममा पनि केही परिवर्तन भयो कि, यी यस्ता कुरा हुन् जस्को खोजी हुनु आवश्यक छ । त्यो जे भएपनि साधारण

Downloaded from http://dhamma.digital

महानता, उदारता र श्रेष्ठता स्वीकार गर्न सक्दैनन् । कथंकदाचित अरू धर्मका ती गुणहरू स्वीकार गर्नु परे त्यस धर्मलाई नै आफ्नो शाखा हो भनिदिने र अरूले गरेको विकास एवं प्रगतिलाई मान्न परे त्यसलाई आफ्नै धर्म शास्त्रबाट सिकेको हो, झिकेको हो भनेर यताउता गरी एउटा खुट्टा भएपनि आफ्नैमाथि पार्ने प्रयास गर्दछन् र त्यसैमा सन्तोष मान्दछन् । विद्वानहरूमा निहित त्यस किसिमको प्रबृत्तिले न कुनै विकासको सही मूल्यांकन गर्नमा सघाउ पुऱ्याउँछ न त धर्मको खोजी गर्नमा नै प्रबृत्त गराउँछ । त्यसको विपरीत, त्यस्तो प्रबृत्तिले विभिन्न धर्महरू बीच विद्यमान सहयोग, सद्भाव र समझदारीलाई समेत नष्ट गर्दछ । त्यसकारण यो एक अति शोचनीय कुरा भएकोछ । यसै सन्दर्भमा प्रस्तुत लेखकको उद्देश्य बुद्धधर्मलाई हिन्दूधर्मको शाखाको रूपमा देखाउने जुन प्रयास भइरहेछ र त्यसबाट समाजमा जुन भ्रम उत्पन्न हुने सम्भावना छ, त्यसलाई हटाउन प्रयास गर्नु हो ।

३. केही विद्वानहरूको भनाई अनुसार सिद्धार्थ गौतम जन्मदा हिन्दू थिए र हिन्दू परिवारमा नै उनी हुर्केका थिए । त्यति मात्र होइन, महाभिनिष्क्रमण पश्चात पनि उनले विशिष्ट कहलिएका एवं विद्वान ऋषिमुनिहरूबाट हिन्दूधर्मको अध्ययन गरेका थिए । उनीहरूको भनाई अनुसार त्यसैले बुद्धधर्म हिन्दूधर्मको शाखा हो । तर जतिकहाँ सिद्धार्थ गौतम गए ती सबैलाई त्यागेर गए ।

४. विद्वानहरूको त्यस भनाइले २।३ कुराहरूमा भ्रम पैदा गरेको छ । त्यो के भने प्रथमत बुद्धधर्मको प्रवर्तन हुनुभन्दा पहिले विद्यमान प्रचलित धर्मलाई हिन्दूधर्म भनेर भन्यो । वस्तुतः "हिन्दूधर्म"

Downloaded from http://dhamma.digital

जानकारी अनुसार सिन्धुबाट "हिन्दू" भएको हो ।

६. तेश्रो कुरा, हिन्दू परिवारमा (बैदिक परिवारमा ?) जन्मने सबै जेसुकै गरेपनि हिन्दू नै हुने भए, या त्यस परिवारका कुनै बेला सदस्य रहेकाले प्रतिपादन गरेको धर्म जे जस्तो भएपनि त्यसको शाखा हुने भए अरू २।३ धर्मलाई पनि हिन्दूधर्मले शाखा भन्नुपर्ने हुन आउँछ । पहिले–पहिले कुनैबेला बैदिकधर्म पश्चिम एशियाका सम्पूर्ण भू–भागहरूमा विद्यमान थियो र त्यहाँ जो–जे थिए, सबै बैदिकधर्मानु-रागी भएको कुरा विद्वानहरू दावी गर्दछन् । बैदिकधर्मले चर्चेको भू–भागबाट जे–जति धर्मको प्रादुर्भाव भएका छन्, ती सबैलाई बैदिक-धर्मको शाखा मान्नु पर्ने हुन्छ । इसाई धर्मका प्रवर्तक इसामसीह पश्चिम एशियाको जेरूसेलममा जन्मे । उनको कुनै पुर्खा बैदिकधर्म अन्र्तगतका थिए होलान् । किनभने त्यो ठाउँमा पूरै बैदिकधर्म फैलिएको थियो भनिन्छ । त्यसमापनि इशु सम्बन्धमा यस्तो पनि भनिन्छ कि उनले १८ देखि ३० बर्षसम्म बनारसमा बसी अध्ययन गरेका थिए । भरखरै प्रचारमा आएअनुसार उनी बौद्ध उपासक पनि थिए । उता इस्लाम धर्मको थालनी पनि उतैबाट भएको हो र कट्टर हिन्दू विद्वानहरूका अनुसार मुस्लिमहरू हिन्दूबाट अलग्गिएर गएका हुन् र उनले जे–जति नियमहरू बनाए, ती सबै हिन्दूधर्मलाई दृष्टिगत गरेर त्यसको ठीक विपरीत गरी बनाए भनिन्छ । त्यस्तै अरू धर्महरू पनि छन् । बुद्धधर्म-लाई गौतम बुद्धको जन्मको कारणले हिन्दूधर्मको शाखा मान्ने हो भने इसाईधर्म, इस्लामधर्म, यहुदीधर्मलाई पनि हिन्दूधर्मको शाखा भन्नु पर्ने, मान्नु पर्ने हुन जान्छ । के ती सबै हिन्दूधर्मको शाखा हुन् ? के यो कुरा

Downloaded from http://dhamma.digital

मान्न सकिन्छ ? स्वीकार्न सकिन्छ ?

यति कुरा चर्चा गर्दा के छर्लङ्ग हुन्छ भने सिन्धुबाट हिन्दू भएको हो । 'हिन्दूधर्म' भन्ने प्रचलनमा आएको ४।५ शय वर्षमात्र भएको छ । ४।५ सयवर्ष पहिले मात्र नामाकरण भएको हिन्दूधर्मले २५ सयवर्षदेखि निरन्तर चल्दै आएको बुद्धधर्मलाई शाखा भन्नु ४।५ वर्षको केटोले ५० वर्षको प्रौढलाई आफ्नो छोरा हो भनेर दावी गर्नु जस्तै हो ।

७. त्यो जे भएपनि अब हामी बुद्धको विषयलाई लिऔं । सबभन्दा पहिले बुद्धकालीन अवस्थालाई हेरौं । जब सिद्धार्थ गौतमको जन्म भयो । त्यसबेला हिमालयमा असित नाम गरेका अती ख्याती प्राप्त बैदिक ऋषि बस्दथे । टाढा–टाढासम्म ख्याती फैलिएका बैदिक ऋषिको आफ्नो दरबारमा अचानक आगमन भएकोमा राजा शुद्धोदन खूब खुशी भएर स–सम्मान ऋषिलाई स्वागत गरे । त्यस ऋषिले शिशु सिद्धार्थलाई ढोगे र आंखाबाट आँशु चुहाए । ऋषिको त्यो चाल देखेर शुद्धोदनले अलि विस्मित भई प्रश्नहरू गरे । असित ऋषिले शिशु सिद्धार्थ अवश्य सम्यक्सम्बुद्ध हुनेछ र लोक कल्याणको लागि यस्तो धर्म प्रवर्तन गर्नेछ, जुन यस संसारमा कहिंकतै छैन भनेर प्रष्ट भविष्यवाणी गरे । उनको भनाइ अनुसार सिद्धार्थले प्रतिपादन गर्ने धर्म कहिंकतैबाट उद्‌धृत गरेको झिकिएको नभई सर्वथा नवीन धर्म हुनेछ भनेर त्यो घोषणा गरिदिए । तर त्यसबेलासम्म आफू जीवीत रहन नपाउने भएकोले आँखावाट अश्रुधारा आएको कुरापनि प्रकट गरे । साथै उनले आफ्ना भतिजालाई सिद्धार्थ पछि बुद्ध भएको सुन्नासाथ शरणमा जानु

Downloaded from http://dhamma.digital

भनेर पनि सल्लाह दिए । बैदिक ऋषि असितले भगवान बुद्धको धर्म सर्वथा नवीन धर्म हुनेछ भनेर गरेको भविष्यबाणी यहाँ स्मरणीय हुन आउँछ ।

८. विद्वानहरूको त्यो कुरा (जन्मेको कारणले बुद्धधर्म हिन्दू-धर्मको शाखा हो भन्ने कुरा) सिद्धार्थ गौतम बुद्धको जीवनीको सानो अंशको अध्ययनको परिणाम मात्र हो । यत्तिकै भरमा कुनै कुरा ठोकुवा गर्न खोज्नु अधुरो र अपुरो हुन्छ । किनभने उनको जीवनको महत्वपूर्ण लामो भाग र सर्वाधिक महत्वपूर्ण उपलब्धी त्यसपछि अर्थात् बैदिक-धर्मको मार्ग त्यागेपछि मात्र शुरू हुन्छ । सिद्धार्थ गौतमले आफूले अध्ययन गरेका शास्त्र अनुरूप अनेक किसिमका तपस्याहरू गरे उनले कठीन एवं पीडादायक घोर तपस्याको अभ्यास पनि गरे । त्यस्तो तपस्या गर्दागर्दै उनको शरीर क्षीण हुँदैगयो । शिथील हुँदैगयो । यति-सम्म कि उनी दिशापिशाप समेत गर्न नसक्ने अवस्थामा पुग्न लागे । संक्षिप्तमा भनौं भने उनी मरणासन्न अवस्थामा पुगे । अरू केही समय त्यस्तै स्थितिमा रहेमा बाञ्छित ज्ञान विना नै उनको इहलीला समाप्त हुने निश्चय प्राय: भयो ।

९. तात्कालीन सम्पूर्ण प्राय: शास्त्रहरूमा पारंगत भएर पनि सिद्धार्थ गौतमको ज्ञानको प्यास मेटिएन । ती शास्त्र अनुरूप घातक भन्दा घातक तपस्या गरे पनि उनलाई बाञ्छित ज्ञान प्राप्त भएन, बुद्धत्व प्राप्त भएन र बुद्धत्व प्राप्त नगरी उनी मर्न चाहंदैनथे । तर ती शास्त्रका ज्ञान र शास्त्रसम्मत तपस्याहरूबाट बुद्धत्व प्राप्त नहुने निश्चय भएपछि उनले त्यो मार्ग अर्थात् बैदिकधर्मको मार्ग नै छाडिदिए,

Downloaded from http://dhamma.digital

उनले त्यो घातक तपस्या त्यागीदिए र शरीरलाई आवश्यक पर्ने खाना खान थाले । उनले त्यतिञ्जेल सिकेका ती शास्त्र र शास्त्रका कुराहरू उनको लागि निरर्थक साबित भयो, ती कुनै सारका कुरा भएनन् । अनि उनले नयाँ बाटोको खोजी गर्ने संकल्प गरे । दृढ संकल्प ! यसै बीच उनी महान बन्ने छन् भनेर उनको पछि लागेर आएको बैदिक सन्यासीहरूले उनलाई "धर्मच्यूत भएको" आरोप लगाए र त्यहीं एक्लै छाडेर गए । उनी धर्मच्यूत भए । उनी एक्लै भए र एक्लै नयाँ बाटोको खोजीमा हिंडे, नयाँ ज्ञानको प्राप्तिमा लागे र नयाँ धर्म आविष्कार गर्नेमा तल्लीन भए । सिद्धार्थ गौतम बुद्धगयाको पिपलको बोटमुनि गएर ध्यान बसे । एक्लै ध्यानमा डुबे, चुर्लुम्म डुबे । त्यहीं उनलाई ज्ञान प्राप्त भयो, प्रज्ञा प्राप्त भयो, बुद्धत्व प्राप्त भयो । यो सर्वविदित कुरा हो । त्यस किसिमले गौतम बुद्धको बुद्धत्व प्राप्तिसम्मको मात्र जीवनी हो–यो भने पनि के कुरा छर्लङ्ग हुन्छ भने उनले पहिले सिकेको ज्ञान उनको लागि कामयाद भएन, उनले अभ्यास गरेको त्यो कठोरतम तपस्या पनि कुनै फलदायी भएन । त्यसै भएर सिद्धार्थ गौतमले त्यो मार्ग छाडिदिए अर्थात् बैदिकधर्मको बाटो उनले त्यागीदिए । बैदिकधर्मलाई उनले मात्र त्यागेको होइनन्, तत्कालीन बैदिक ऋषिहरूले पनि उनलाई आफ्नो धर्मबाट अलग्याएका थिए, पृथक गरेका थिए भने कसरी बुद्धधर्म हिन्दूधर्मको शाखा हुन सक्छ ? के बैदिकधर्मदेखि पृथक भएको धर्म हिन्दूधर्मको हांगा हुन सक्छ ?

१०. जहाँसम्म सिद्धार्थ गौतमले शुरूमा बैदिक दर्शनको अध्ययन गरेको कुरा छ, त्यस्ता युगपुरुष र महामानवहरूमा उनी मात्र

अपवाद होइनन् । नयाँ दर्शन, नयाँ सिद्धान्त र नयाँ मार्गका सबै उद्घोषकहरूले पहिले तात्कालीन सामाजिक स्थिति, शिक्षा, दर्शन आदि सबै अध्ययन गरेका पाइन्छन् । त्यति अध्ययन गरेकै आधारमा मात्र नयाँ दर्शनलाई पुरानोको हांगा हो भन्नु कदापि उचित हुँदैन । नयाँ दर्शनका उद्घोषकलाई पुरानो शिक्षा, दर्शन, व्यवहार चित्त बुझेको थियो कि थिएन, नयाँ दर्शन र पुरानो दर्शनको बीच के सम्बन्ध छ, आदि सबैलाई आधार बनाइनु पर्दछ । उदाहरणको लागि हामी कार्लमार्क्सलाई लिन सक्छौं । कार्लमार्क्सले साम्यवाद पढेर साम्यवादी सिद्धान्तको प्रतिपादन गरेका होइनन् । उनले तत्कालीन समाज व्यवस्थाको अध्ययन गरे । उनले आफ्ना समकालीन एवं आफूभन्दा पहिलेका विद्वानहरूका ठेलीकाठेली किताबहरू पढे । तैपनी उनी तत्कालीन सामाजिक व्यवस्था, आर्थिक अवस्था एवं आफूले पढेका कुनैपनि किताब र भोगेको वातावरणबाट सन्तुष्ट हुन सकेनन्, जसरी गौतम बुद्ध सन्तुष्ट हुन सकेका थिएनन् । ती सबैबाट सन्तुष्ट हुन नसकी उनले नयाँ बाटो खोजेकै कारणबाट साम्यवादको जन्म भएको हो ।

११. अब कार्लमार्क्सले प्रजातन्त्र सम्बन्धी शास्त्रहरू अध्ययन गरेका थिए, सामन्ती व्यवस्थामा जन्मेका थिए र हुर्केका थिए भनेर उनले प्रतिपादन गरेको साम्यवादलाई प्रजातन्त्रको शाखा हो अर्थात् उही सामन्ती व्यवस्थाको हांगा हो भनेर सिद्ध गर्न खोज्दा कहाँसम्म हास्यास्पद होला, त्यो सहजै महशूस गर्न सकिन्छ । के बुद्धधर्मलाई हिन्दूधर्मको शाखा हो भन्दा त्यस्तै र त्यतिकै हास्यास्पद हुँदैन र ? के विद्वानहरूले त्यतातिर सोचेका छन् ? ध्यान दिएका छन् ?

Downloaded from http://dhamma.digital

१२. बुद्धधर्म हिन्दूधर्मको शाखा हो या होइन, सिद्धार्थ गौतम नवौं अवतार हुन् या होइनन् भन्ने कुरा तर्क र वितर्कको कुरा होइन । यो आस्था र अनास्थाको कुरापनि होइन । यो बहुमतद्वारा निर्णय गर्ने कुरा पनि होइन । यो धार्मिक कुरा हो । यो दुई धर्मको बीचको कुरा हो । ऐले यो सत्य र असत्यको प्रश्न बनेर आएको छ र त्यसैमा ध्यान केन्द्रित गर्नु परेकोछ । लेखकको विचारमा धर्म सधैं सत्य हुनुपर्दछ । तथ्यमा आधारित हुनुपर्दछ । सत्य र तथ्य विनाको धार्मिक कुरामा प्राण हुँदैन, वास्तविकता हुँदैन । त्यो मात्र प्रचारको लागि हुन्छ । प्रपोगण्डाको लागि हुन्छ । त्यस्तो प्रचार र प्रपोगण्डाले केही समय र केही ठाउँमा 'हो' भनाउन सकेपनि एकदिन त्यो तथ्यहीन सावित हुन्छ र असत्य प्रमाणित हुन्छ । किनभने अन्ततोगत्वा सत्यको जीत सधैं निश्चित छ । यहाँ प्रस्तुत विषयको पनि त्यही दृष्टिले सिंहावलोकन गरिनु प्रासांगिक हुन्छ ।

१३. बुद्धकालीन कुनैपनि बौद्ध वाङ्मयमा बुद्धलाई बैदिकधर्मको अवतारको रूपमा वर्णन गरिएको पाइदैन र बुद्धधर्मलाई तत्कालीन बैदिकधर्मले आफ्नो शाखा हो भनेर हमदर्दी देखाएको पनि देखिदैन । यहाँनेर त्यसबेला भगवान बुद्धलाई भएको एउटा घटना उल्लेख गर्नु प्रासांगिक हुन्छ होला । बुद्ध आफ्नो धर्म प्रचार गर्न जांदा कतिपय ठाउँमा प्रवेश निषेध गरिएको थियो । बुद्धलाई खान नदिनु, पिउन नदिनु, वस्न नदिनु भन्ने आदेश जारी गरिएको थियो । यो कुरा बौद्ध वाङ्मयमा उल्लेखित छ । उता हिन्दू शास्त्र पल्टायौं भने हामी **'हस्तिना ताड्यमानोपि नगच्छेत् बौद्ध मन्दिरम्'** भनेर लेखेको

Downloaded from http://dhamma.digital

पाउँछौं । हिन्दूधर्म शास्त्रका ज्ञाताहरूलाई यो कुरा राम्ररी थाहा छ । त्यसबेला बुद्धलाई नवौं अवतारको रूपमा स्वीकारेको भए बौद्ध मन्दिरमा नजाऊ भनेर त्यसरी उनको विरोधमा निषेधाज्ञा किन जारी गरिन्थ्यो ? आफ्नै ईश्वरको अवतारलाई किन बहिष्कार गरिन्थ्यो ? हात्तीले कुल्चेपनि बौद्ध मन्दिरमा नजाऊ भनेर किन भनिन्थ्यो ? यसबाट प्रष्ट बुझिन्छ कि बुद्धकालीन अवस्थाको वैदिकधर्मले बुद्धलाई आफ्नो अवतार मानेको थिएन र बुद्धधर्मलाई आफ्नो शाखाको रूपमा ग्रहण गरेको पनि थिएन ।

१४. फेरी सिद्धार्थ गौतमकै कुरालाई हेरौं । सिद्धार्थ गौतमले पहिले अवलम्बन गरेको कठोरतम तपस्या र आत्मपीडनको बाटो उनलाई व्यर्थ भएको कुरा उनको माथि उल्लेखित संक्षिप्त जीवनीबाट पनि प्रष्ट हुन्छ । बुद्ध भएपछि तथागतले प्रष्ट भनेका छन् कि उनले प्रतिपादन गरेको धर्म सर्वथा नवीन धर्म हो, नयाँ बोध हो र नयाँ मार्गको आविष्कार हो । यो कुरा तथ्य हो र तथागतले भनेको कुरा सत्य हो । धर्मचक्रसूत्रमा वहाँ स्वयं भन्नु हुन्छ "जबसम्म मैले पहिले कसैबाट नसुनेको चतुरार्य–सत्यलाई 'सत्य हो' भनी अवबोध गरेको थिइन तबसम्म मैले कसैलाई आफू बुद्ध हुँ भनी घोषणा गरेको थिइन ।" यो कुरालाई दृष्टिगत गर्दा बुद्धधर्म हिन्दूधर्मको शाखा हो, भगवान बुद्ध हिन्दूधर्मको नवौं अवतारहुन् भनेर गरिएको प्रचार कतिको मिथ्या रहेछ, कतिको असत्य रहेछ भनेर सहजै भन्न सकिन्छ । त्यसकारण बुद्धधर्म हिन्दूधर्मको शाखा हो भन्ने कुरा कपोलकल्पित हो मनगढन्ते हो भन्नेकुरा तथागतकै माथि उल्लेखित शब्दहरूबाट प्रष्ट हुन्छ ।

Downloaded from http://dhamma.digital

१५. भगवान बुद्धको धर्म सम्बन्धमा गहिरो अध्ययन भएकाहरू मध्ये त्यसताकाका चिनीयाँ यात्रीहरू फाहियान, ह्यु नसाङ र इत्सिङ्ग पनि थिए। उनीहरूमा बुद्धधर्मको अध्ययन अनुसन्धान गर्ने ठूलो अभिरूची थियो। अभिरूची भएरै उनीहरू चिनबाट भारतवर्षमा आए। ती यात्रीहरू समकालीन थिएनन्, बेग्लाबेग्लै समयका थिए। उनीहरूले बुद्धधर्मको विस्तृत खोजी गरे, अध्ययन र अनुसन्धान गरे। उनीहरूले त्यसबेला बुद्धधर्मले जनजीवनमा पारेको प्रभाव, त्यसको महत्त्व र उपयोगीता सम्बन्धमा विस्तृत रूपमा लेखेका छन्। उनीहरूले लेखेका कुराहरू इतिहासकारहरूका लागि एउटा भरपर्दो मार्ग दर्शन भएकोछ। आजका इतिहासकारहरूले ती कुराहरू ठोस प्रमाणको रूपमा ग्रहण गरेका छन्। उनीहरूले बुद्धधर्म सम्बन्धमा जे-जति लेखेका छन्, ती सबैमा बुद्धधर्मलाई एउटा स्वतन्त्र धर्मको रूपमा रहेको कुरा बर्णन गरेका छन्। उनीहरूको बर्णनमा कहींकतै, बुद्धधर्म त्यसबेला, हिन्दूधर्मको शाखाको रूपमा रहेको कुरा उल्लेख छैन। ह्यु साङले नेपालमा बौद्ध धर्मको साथै अन्य धर्म पनि प्रचलित भएको तथा बौद्ध संघाराम र शैव मठ नजीक नजीक खडा भएको कुरा उल्लेख गरेका छन्। तर बुद्धधर्मलाई त्यसबेला नेपाल खाल्डोमा प्रचलित शैवमतले शाखाको रूपमा व्यवहार नगरेको, दुबै स्वतन्त्रपूर्वक रहेको वर्णन गरेबाट प्रष्ट हुन्छ कि त्यसबेला बुद्धधर्मलाई बैदिकधर्मले आफ्नो शाखा भनेर मानेको थिएन। पद्मशम्सेर र मोहन शम्सेरको पालामा पनि बुद्धमार्गी र शिवमार्गी भन्ने चलन नै थियो।

१६. त्यस्तै यहाँ यौटा के कुरा स्मरण हुन आउँछ भने २५ सय

Downloaded from http://dhamma.digital

वर्ष यता बुद्धधर्म भारत वर्षमा मात्र सीमित नभई विश्वका विभिन्न भागहरूमा पुगेको छ । कतिपय देशहरूमा बुद्धधर्मले राष्ट्रिय धर्मको रूपमा मान्यता पाएको छ । बुद्धधर्म आज अन्तरराष्ट्रिय धर्म हुन पुगेको छ । तर त्यसले आफू जाँदा कहींकतै वेद बोकेर गएको छैन । यो पुगेको ठाउँमा कहींकतै यसलाई हिन्दूधर्मको शाखा भनिएको पनि छैन । आज महत्त्वपूर्ण बौद्ध केन्द्र मानिएको बर्मा, श्रीलङ्का, थाइलैण्ड, जापान आदि हुन् । त्यहाँपनि कहिल्यै बुद्धधर्मलाई हिन्दूधर्मको शाखा हो भनेर भनिएको सुनिएको पनि छैन । बुद्धधर्म हिन्दूधर्मको शाखा हो भने त्यो नेपाल र भारतमा मात्र हो भनेर हुँदैन, त्यो कुरा श्रीलङ्का, बर्मा, थाइलैण्ड, जापान आदि सबै ठाउँमा नै "हो" हुनुपर्‍यो । तर ती देशहरूमा कहींकतै बुद्धधर्मलाई शाखा मानेका छैन भने एक दुइ ठाउँमा केही मानिसहरूले "हो" भन्दैमा शाखा हुने होइन । कुनै एउटा निश्चित रूख कुनैबेला कुनै रूखको शाखा हुने कुनैबेला नहुने, कतै हुने कतै नहुने हुँदैन । यदि त्यस्तो वर्णन वा व्याख्या गरिन्छ भने, त्यसमा ठूलो रहस्य हुन्छ । र त्यसलाई झन राम्ररी बुझ्नु पर्ने हुन्छ ।

अब हामी भगवान बुद्धले प्रतिपादन गरेको बुद्धधर्मप्रति विभिन्न समयका पण्डित महापण्डितहरूको के–कस्तो दृष्टिकोण रह्यो र उनी-हरूबाट के कस्ता व्यवहार भए त्यतातिर एकछिन चर्चा गरौं जसबाट बुद्धधर्मलाई हिन्दूधर्मले वास्तवमा शाखा मानेको थियो कि थिएन भन्ने कुरा अरू छर्लङ्ग हुनेछ ।

१७. बुद्धधर्म र हिन्दूधर्म बेग्लाबेग्लै मात्र होइनकि यिनीहरूको प्राचीनकालमा बिलकूल मेल थिएन भन्ने कुरा हिन्दूधर्मको पवित्र

Downloaded from http://dhamma.digital

मानिएको वाल्मीकी रामायणको अध्ययनबाट पनि प्रष्ट हुन्छ । वाल्मीकी रामायणको अयोध्या काण्डमा याजक जावाली र रामचन्द्रको बीच छलफल हुँदा एक प्रसंगमा रामचन्द्रको मुखबाट वाल्मीकीले निम्न लिखित श्लोक भनेका छन् :

"यथा हि चोरः स तथा हि बुद्ध
तथागतं नास्तिकमत्र विद्धि
तस्माद्धि यः शक्यतम प्रजानां
स नास्तिके नाभिमुखो बुधः स्यात् ।"

(अ ०-१०९-३४)

(अथवा चोरलाई जुन सजाँय दिइन्छ बौद्ध मत मान्ने नास्तिकलाई पनि त्यस्तै सजाँय दिनुपर्छ । प्रजाको बृद्धि शुद्ध गर्नका निमित्त राजाले दण्ड दिनु मुनासिब छ । अधर्ममा हिड्ने नास्तिकसित ब्राह्मण अथवा ज्ञानी पुरूषले बोल्नु हुँदैन ।)

१८. के यो उपदेश इतिहासका कुनै विद्यार्थीले तथा धर्मका कुनै ज्ञाताले भुलनसक्छ ? विर्सनसक्छ ? बुद्धधर्म बैदिकधर्मको शाखा भएको भए वाल्मीकी जस्ता ऋषिले आफ्नो ग्रन्थमा त्यस्तो अपशब्द प्रयोग गर्ने नै थिएनन् । त्यहाँ बुद्धको नाम लिएर दुर्वाच्य प्रयोग गर्नुपर्ने प्रसंग पनि थिएन । फेरी त्यो कुरा अरूको मुखबाट पनि होइन, स्वयं रामचन्द्रको मुखबाट भनिएको छ । मानौं कि त्यसो भन्नु त्यसबेला साधारण थियो, सनातन थियो । बैदिक समाजमा त्यो भन्नु चलन चल्तीको कुरा थियो । नत्र के त्यो ऋषिको मगज बिग्रेको थियो र

Downloaded from http://dhamma.digital

आफ्नो ईश्वरको अवतारलाई नास्तिक भन्ने । बौद्धमत मान्ने नास्तिक-लाई चोरलाई दिएको सजाँय दिनु पर्दछ भन्नु कहाँतक उचित छ ? बौद्धहरूसंग ब्राह्मण अथवा ज्ञानी पुरूषले बोल्नु पनि हुँदैन भन्नु के उचित छ ? के यही हो आफ्नो ईश्वरलाई गर्ने व्यवहार ? तर बाल्मीकी रामायणमा भगवान बुद्धलाई त्यस्तो भनियो । बुद्धधर्मप्रति त्यस्तो अभद्र, असभ्य र अशोभनीय शब्द प्रयोग गरेबाट यही प्रमाणित हुन्छ कि वाल्मीकीकालीन अवस्थामा पनि यी दुई धर्महरू एकअर्कादेखि छुट्टै र नमिल्ने मात्र होइनन् कि एकअर्काको प्रशस्त विरोधी पनि थिए भन्ने कुरा प्रष्ट हुन्छ । के बुद्धधर्मलाई हिन्दूधर्मको शाखा हो भन्ने विद्वानहरूको ध्यान त्यतातिर गएको छ ?

रामायणमा मात्र होइन, कतिपय कथा पुराणहरूमा पनि बुद्ध र बुद्धधर्मप्रति त्यस्तै दुर्वाच्यहरू प्रयोग गरिएका पाइन्छन् । यत्तिसम्म कि कतै तथाकथित सन्त महन्तहरूको जन्म नै बुद्धधर्मको विरोधगर्नलाई भएको हो भनेर भनिएकाछन् । अरू त के कल्की अवतारको आवश्यक-ता नै बौद्ध र म्लेच्छहरूको नाश गर्नलाई हो भनी व्याख्या गरिएकोछ । यो कुरा कल्याण पत्रिकाको पुराण विशेषांकको कल्की अवतारको कथामा पनि अरू प्रष्टसाथ लेखिएकोछ । त्यस कथामा परशुरामले कल्कीलाई गुह्य कुरा यसरी बताएका छन्– तिमी विष्णुको अंश लिएर अवतीर्ण भएकाछौं । बौद्ध र म्लेच्छहरूको समुल नष्ट गर्नलाई मैले तिमीलाई धनुर्वेदको शिक्षा दिएकोछु ।

रामले मात्र होइन, परशुरामले पनि बुद्धधर्मको विरोधमा विष वमन गरेको कुरा त्यस कथाबाट सिद्धहुन्छ । बुद्धधर्मको विकास

Downloaded from http://dhamma.digital

परशुरामलाई कत्तिको असह्य भएको रहेछ, जस्को नाशगर्नलाई उनले धनुर्वेदको शिक्षा दिनु पर्‍यो । बुद्धधर्म हिन्दूधर्मको शाखा भएको भए परशुरामलाई बुद्धधर्म त्यति असह्य हुने नै थिएन । गौतम बुद्ध विष्णुको अवतार भएको भए विष्णुले फेरि आफ्नै अवतारलाई नष्टगर्न पुनः कल्कीको रूपमा अवतीर्ण हुने नै थिएनन् । विद्वानहरूको कुरालाई सही र सत्य मान्ने हो भने विष्णुको कुन अवतारलाई धर्मोद्धारकोलागि भएको मान्ने ? बुद्ध अवतार ? या कल्कि अवतार ? के एउटै ईश्वरको अवतार पनि परस्पर विरोधी हुनसक्छ ? यी यस्ता प्रश्नहरू हुन् जस्को यथार्थ जवाफ विद्वानहरूले दिनु आवश्यक छ । कि यी सबै विकशित मष्तिस्कका उपज मात्र हुन् ? ! त्यस्तो भए फेरि ती कथा पुराणहरू-को सत्यतामाथि नै प्रश्न चिन्ह खडा हुन जान्छ । के बुद्ध धर्मलाई हिन्दूधर्मको शाखा हो भन्ने विद्वानहरूको ध्यान यी कुराहरूमा आकर्षित गर्न सकिन्छ ?

१९. आचार्य चाणक्य कौटिल्य विष्णु गुप्त आफ्नो जमानाका नवरत्न मध्यमा गनिएका पण्डित हुन् । उनको अर्थशास्त्रलाई आजपनि उत्तिकै महत्त्व मानिन्छ । त्यसबेला समाजमा के कस्तो व्यवस्था थियो भन्ने कुरालाई इतिहासले भन्दा उनको अर्थशास्त्रको परिशीलनले बढी प्रकाश दिन्छ भन्ने मानिएको छ । त्यो किताब पल्टायौं भने उनले बुद्धधर्मले नमानेको चतुर्वर्ण व्यवस्थालाई समाजमा कायम गराई राख्ने निकै प्रयास गरेको देखिन्छ । उनले बडो चतुऱ्याईपूर्वक एकातिर वर्ण आश्रम सदाचारको मर्यादा पालनगरी राख्ने मानिस वेदमार्गबाट सुरक्षित भए आनन्दी भइरहन्छ, कहिल्यै बिग्रदैन भनेर सर्वसाधारण-

Downloaded from http://dhamma.digital

लाई लालच देखाएका छन् भने अर्कोतिर शासकलाई उसले धर्मदण्डद्वारा चारै वर्ण आश्रमको रक्षा गर्दै लोकको पालन गर्नु पर्दछ भनेर नियम बनाई दिएकाछन् । अनि उनले त्यो भन्दा ठूलो कुरा एवं आपत्तिजनक कुरा के भनेका छन् भने बौद्ध भिक्षु भिक्षुणीहरूलाई जासूसी काममा प्रयोग गर्नकालागि सिफारिस गरेका छन् समाजमा ख्याती कमाएका हिन्दूधर्मका विशिष्ट विद्वानहरूमध्ये कहलिएका चाणक्य कौटिल्यको यति छोटो भनाइबाट त्यसवेलाको बुद्धधर्मप्रति वैदिक विद्वानहरूको दृष्टिकोण कस्तो रहेछ भन्ने कुरा बुझ्न सकिन्छ ।

२०. कुमारील भट्टको पनि हिन्दूधर्ममा महत्त्वपूर्ण स्थान छ । उनले बुद्धधर्मको विरोधमा गरेको कार्यहरू धेरै किताबहरूमा लेखिएको छ । उनले बुद्धधर्मको छिद्र पत्ता लाउन तथा बौद्ध मतको खण्डन गर्नका लागि बौद्ध भेष धारणा गरेर भिक्षुहरूसंग मिलेर पठन पाठन गरे, घुलमिल भए । आधुनिक भाषामा भन्ने हो भने उनी जासूस भएर बुद्धधर्ममा प्रवेश गरेर भित्रै बसेर आफ्नो काम गर्दैरहे । उनले बुद्धधर्म-मा विद्रोह गर्न खोजे । तर भिक्षुहरूले समयमै त्यसको सुंइको पाइसकेका थिए र त्यसबाट त्यति धेरै नोक्सान भएन । उनी असफल भए । अनि पछि गुरूद्रोह गरेको पापको निमित्त आफ्नो धर्मानुसार उनी आफै भूसको आगोमा डढेर मरेका कुरा हिन्दू समाजमा चर्चित छ । कुमारील भट्ट सम्बन्धी त्यसरी जानकारीमा आएका कुराहरू सबै सत्य हुन भन्न सकिंदैन । त्यो एउटा बेग्लै अध्ययनको विषय हो । तर उनी जस्तो प्रतिष्ठित आचार्य जो हिन्दू शास्त्र अनुसार कुमारजी कै अंश थिए – ले आफैले बुद्धधर्मको विरोधमा त्यति तल्लोस्तरमा आइ

Downloaded from http://dhamma.digital

गरेको त्यो जासूसी कामलाई हेर्दा त्यसबेला बुद्धधर्मप्रति तात्कालीन बैदिक आचार्यहरूको दृष्टिकोण, धारणा र सम्बन्ध के कस्तो रहेछ र बुद्धधर्मलाई तहसनहस पार्न कस्तोसम्म व्यवहार गर्ने रहेछ भन्ने कुराहरू छर्लंङ्ग हुन्छ। के कुमारील भट्टले गरेको त्यो कार्य आफन्तको परिचायक हो ? के त्यो एउटा बोटले आफ्नो हांगालाई गर्ने व्यवहार हो ? के आफन्तले आफन्तलाई त्यस्तै व्यवहार गर्दछ ? त्यसबेला बुद्धधर्म हिन्दू-धर्मको हांगा मानिएको भए उनले बुद्धधर्मप्रति त्यस्तो निन्दनीय कार्य गर्ने नै थिएनन्। एकछिन मानौं उनले त्यस्तो गऱ्यो रे। त्यो उनको मात्र विचार हो र अरूको त्यसमा सहमति नभएको भए हिन्दू समाजमा उनी त्यति प्रतिष्ठित हुने नै थिएनन्। हिन्दू समाजमा उनको मर्यादा रहीरहेको कारणबाट यही सिद्ध हुन्छ कि उनको समयमा बुद्धधर्मलाई हिन्दूधर्मको शाखा मानिएको थिएन।

२१. यो कुरा बैदिकधर्मका पुनरूत्थानकर्ता शंकराचार्यको पालामा भएको विभिन्न कुराहरूबाट अरू प्रष्ट हुन्छ। शंकराचार्यले बुद्धधर्मलाई कस्तो कटुतापूर्ण व्यवहार गरे र बैदिक धर्मको कसरी पुनरूत्थान गरे भन्ने कुरा धार्मिक व्यक्तिहरू धेरैले सुनेका छन्। बुझेका छन्। शंकराचार्यले गरेको भनिएको त्यो विजयलाई विद्वानहरूले "दिग्विजय" नामाकरण गरेका छन्। माधवाचार्यले "शंकर दिग्विजय" भनेर मोटो किताब नै लेखेका छन्। त्यस किताबमा शंकराचार्य र तथाकथित बौद्ध विद्वान मन्दन मिश्र एवं उनकी धर्मपत्नीका बीच भएको शास्त्रार्थबारे प्रकाश पारिएका छन्। त्यसमा उल्लेखित घटना एवं घटना विवरणहरू कति यथार्थ छन् र कति अतिशयोक्तिपूर्ण छन्

भन्ने कुराको छुट्टै किसिमले विवेचना गर्नु पर्दछ । बौद्धहरूको त्यसमा आफ्नै किसिमको विचार छ ।

२२. बुद्धधर्मलाई बिगार्नमा कुमारिल भट्टले के कस्ता कार्यहरू गरे भन्ने कुरा माथि उल्लेख भइसकेका छन् । उही कुमारिल भट्टको चेला मन्दन मिश्र मानिन्छ र भट्टले आफ्नो अन्तिम बेलामा आफूसंग शास्त्रार्थ गर्न आएका शंकराचार्यलाई आफू ऐले त्यसो गर्न असमर्थ भएको हुँदा आफ्नो विश्वास प्राप्त विद्वान चेला मन्दन मिश्रसंग शास्त्रार्थ गर भनेर इङ्गित गरेको वैदिक विद्वानहरू सबैलाई थाहा छ । शंकराचार्यले भट्टको उही विश्वास प्राप्त मन्दन मिश्रलाई आफ्नो प्रतिपक्षीको रूपमा लिई शास्त्रार्थ गरे ।

२३. मन्दन मिश्र कुनै बौद्ध भिक्षु थिएन र बौद्ध वाङमयमा उल्लेख्य बौद्ध दार्शनिक विद्वानहरूको जुन नामहरू छन्, त्यसमा पनि मन्दन मिश्रको नाम पाइँदैन । साथै शंकर दिग्विजयमा शंकराचार्य मन्दन मिश्रको घरमा प्रवेश गर्दाको जुन दृश्यको वर्णन पाइन्छ, त्यो यदि सत्य थियो भने मन्दन मिश्र सच्चा बौद्ध थियो भन्ने कुरामा अरू सन्देह थपिन्छ । त्यस किताब अनुसार मन्दन मिश्रले जुन किसिमले श्राद्ध गर्दै थियो, त्यो बौद्ध शास्त्र अनुरूप भएको देखिंदैन । उनले गरेको श्राद्धको बेला फेरि कुनै बौद्ध कर्मकाण्डवालाहरू पनि कोही थिएनन् । त्यहाँ त वैदिक शास्त्रका आचार्य पुरोहित जैमिनी र व्यासको उपस्थिति भएको कुरा बताइएको छ ।।जैमिनी र व्यासको उपस्थितिले गर्दा पनि त्यो श्राद्ध वैदिक धर्मानुसार भएको मान्नु पर्दछ । त्यस किसिमले वैदिक पुरोहितहरू राखेर श्राद्ध गर्ने मन्दन मिश्र, बुद्धधर्मलाई नष्ट गर्नकालागि

Downloaded from http://dhamma.digital

जासूस भएर प्रवेश गर्ने कुमारिल भट्टको विश्वास प्राप्त चेला मन्दन मिश्र, बौद्ध दार्शनिक विद्वानहरूको पंक्तिमा कतै नदेखिने र आफ्नो नामको साथ मिश्र भन्ने जात सगर्व जोडिराख्न चाहने मन्दन मिश्रले बुद्धधर्मको, सिद्धान्त, दर्शन र विचारको प्रतिनिधित्व कति गऱ्यो होला, कसरी गऱ्यो होला भन्ने कुरामा के प्रश्न चिन्ह खडा हुँदैन र ? उनी बुद्धधर्मका आधिकारीक व्याख्याता कहिल्यै भएनन् । उनी भिक्षु पनि भएनन् । उनै मन्दन मिश्रसंग शंकराचार्यले शास्त्रार्थ गरेको कुरा शंकर दिग्विजयमा वर्णन गरिएको छ । शंकराचार्यले एकजना गैर बौद्धसंग शास्त्रार्थ गरेर बुद्धधर्मको पराजय भएको कुराको सुन्दर वर्णन अतिशयोक्ति किसिमले त्यस किताबमा गरिएकोछ । यिनै कुराहरूको पृष्ठभूमिमा शंकर दिग्विजयको सत्यासत्यमाथि समीक्षा गर्नु, मूल्यांकन गर्नु के न्यायोचित नहोला र ? यी सबै कुराहरूलाई दृष्टिगत गर्दा त्यसबेला बुद्धधर्मलाई पतन गराउनको लागि तात्कालीन विद्वानहरूले के कस्ता प्रपञ्चहरू गर्दा रहेछन भन्ने कुरा प्रष्ट हुन्छ । के त्यसबेला बुद्धधर्मलाई हिन्दूधर्मको शाखा मानेको भए ती सबै प्रपञ्च गरिराख्नु पर्थ्यो र ? यसबाट पनि प्रष्ट हुन्छ कि त्यसबेलाका विद्वानहरूले बुद्धधर्मलाई हिन्दूधर्मको शाखा मानेका थिएनन् ।

२४. इतिहासकारहरूको भनाइ अनुसार शंकराचार्यको प्रभाव नेपालमा पनि धेरै पऱ्यो । नेपालमा उनले धेरै बौद्धहरूलाई हिन्दू बनाए । त्यसताका नेपाल खाल्डोमा वृषभदेव नामको लिच्छवी राजा थिए । उनी बौद्ध मतका थिए । शंकराचार्यले उनलाई पनि आफ्नो धर्मानुरागी बनाएको कुरा शंकराचार्यको जिवनीमा लेखिएको छ । त्यति

Downloaded from http://dhamma.digital

मात्र होइन, उनले देवपतनबाट बौद्ध आचार्यहरूलाई हटाएर वैदिक पद्धति अनुसारको पूजाविधी चलाएको कुरा पनि उल्लेख छ ।

२५. आफ्नो अभियानको क्रममा शंकराचार्य नेपालबाट तिब्बत गए । तर तिब्बतमा त्यसबेला बुद्धधर्मको जग ज्यादै मजबूत थियो । ठूलठूला दार्शनिक विद्वानहरू थिए, बडे–बडे साधकहरू थिए, ध्यानीहरू थिए जस्को सामु शंकराचार्य टिक्न सकेनन् । त्यहाँका बौद्धहरूको धार्मिक वातावरण देखेर नै उनी आश्चर्य चकित भए । उनले त्यहाँ मुकाबिला गर्ने हिम्मत नै गर्न सकेनन् । उनी असफल भए । उनको कहलिएको दिग्विजय सीमित भयो । उनको अभियान निस्क्रिय भयो । त्यसपछिको घटना सम्बन्धमा त्यति प्रष्ट उल्लेख भएको पाइँदैन । तर उनका कट्टर समर्थकहरूले के भन्छन् भने तिब्बतमा शंकराचार्यलाई उनको इष्टदेवताले एउटा आकाशवाणी गरेर भने कि हिमाल पारीको तिब्बत वेदध्वनी गुञ्जने ठाउँ होइन । आकाशवाणी भयो भएन, त्यसबारे केही भन्नु छैन, तर शंकराचार्यको जन्म जुन कारणले भयो भनिएकोछ, र उनले जुन किसिमले बुद्धधर्मको विरोधमा अभियान चलाएको कुरा उल्लेख छ, त्यसबाट बुद्धधर्म हिन्दूधर्मको शाखा होइन भन्ने कुरा प्रष्ट हुन्छ ।

२६. त्यसबेला बोद्धहरूले धेरै यातना भोग्न पऱ्यो । अनेक आपद बिपद सहनु पऱ्यो । असंख्य बौद्धहरू विहारहरूबाट निस्कासित गरिए । भिक्षुहरूप्रति अमानवीय व्यवहार गरियो । त्यसबेलाको बुद्धधर्म प्रति गरिएको व्यवहारहरूको विवरण तैयार गर्ने हो भने एउटा छुट्टै किताब तैयार हुन्छ होला । ऐले त्यतातिर जाने यस लेखको उद्देश्य

Downloaded from http://dhamma.digital

होइन । अन्यत्रको कुरा छोडौं । एकछिन बुद्ध जन्मेको देश, हाम्रो देशको चर्चा गरौं । बौद्ध राजा बृषमदेव पश्चात विक्रम सम्बत् २००० सालसम्मको समीक्षा गरौं भने हामी के पाउँछौं भने जति जति हामी यता (वर) आउँछौं, उति–उति बुद्धधर्मप्रति कठोर रवैया अपनाउँदै आएको पाउँछौं । बुद्ध जन्मेको देशको लागि यो एक विडम्बना नै हो । तर २००७ सालमा आएको प्रजातन्त्र पश्चात् भने बुद्धधर्मको प्रचार प्रसारमा केही सुगमता आएको पाउँछौं ।

२७. काठमाडौं उपत्यकालाई कलाकौशलले सिंगार्नमा बौद्धहरूको ठूलो भूमिका भएको सर्वविदित छ । तिब्बत र चीनमा नेपालको प्रतिष्ठा वढाउनमा पनि बुद्धधर्म एउटा ठूलो माध्यम भएको थियो । बौद्धकालमा शान्ति थियो, सहिष्णुता थियो । तैपनि आधिकारीक वर्गको बुद्धधर्म प्रति त्यति सुदृष्टि परेन । बौद्धहरूमाथि थिचोमिचो बढ्दै गयो र बुद्धधर्मको प्रचार प्रसारमा समेत क्रमशः रोकलाग्दै गयो । बुद्धधर्मलाई बिकृति पार्ने, विभक्त पार्ने र निस्क्रिय पार्ने प्रयासहरू हुँदै गए । नेपालमा किरांतीकाल र लिच्छवीकालमा बुद्धधर्मको ठूलो प्रचार प्रसार थियो । लिच्छवीकालमा २० वटा बौद्ध विहारहरू भएको कुरा प्रमाणित भएको छ । तर मल्लकालमा धेरै गडबडीहरू भए । ठूला विद्वान मानिएका किर्तीनाथ उपाध्याय कान्यकुब्ज ब्राह्मणको सहयोग र सल्लाहले जयस्थिति मल्लले सुधारको नाममा जातीय र धार्मिक विधि-विधानहरू बनाएर जातपातको भेदभाव नमान्ने बौद्ध समाजभित्र अनेक जात र जातीको प्रादुर्भाव गरिदिए । भिक्षु बन्ने चलन लोप गराइयो । पहिले भिक्षु बनेकाहरूलाई शाक्य भिक्षु भन्ने नयाँ जातको स्थापना

Downloaded from http://dhamma.digital

गरियो । त्यहाँदेखि बौद्धधर्ममा धेरै विकृतिहरू आए । कर्मकाण्डले जोड पक्र्यो । शील र सदाचारिता लोप हुँदै गए । रूढी बढ्दै गयो । बुद्धधर्मको रूपरंग बदलिंदैगयो । बुद्धधर्मको त्यही विकृत रूपलाई हिन्दूकरण गरिने प्रयास भयो र त्यसको प्रचार प्रसार हुँदै गयो ।

२८. आज यो कुरा लेख्दा धेरैलाई आश्चर्य लाग्ला, कि मल्लकाल र त्यसपछिदेखि आजभन्दा ५०।७० वर्ष पहिले राणा शासन कालसम्म पनि नेपालमा भिक्षु बस्न पाइँदैनथ्यो । मौलिक बुद्धधर्मको प्रचार प्रसार गर्न पाइदैनथ्यो । राणाकालमा आएर बुद्धधर्ममाथि अन्याय अत्याचार यति बढेको थियो कि त्यसको वर्णन गर्न गाऱ्हो छ । संक्षिप्तमा यति नै भनौं कि राणा प्राइमिनिष्टर जङ्गबहादुरले बौद्ध विहार कब्जा गरेर त्यहाँका बौद्ध शास्त्रहरू सडकमा फालिदिए जुन किताबहरू डा० राइटले लगेर केम्ब्रिज विश्व विद्यालयमा दिएका थिए। त्यस्तै चन्द्र शम्सेर महाराजको पालामा अरू कडाइ भयो। त्यसबेला नेपालमा एउटा कानून बन्यो जुन कानून अन्तर्गत कोही शिव मार्गी (त्यसबेला पनि नेपालमा हिन्दूधर्म भन्ने चलन थिएन) बौद्ध धर्ममा दीक्षित भएमा त्यसलाई त्यो दीक्षा छाड्न लगाएर १ वर्ष कैद र जुन गुरूले दीक्षित बनाएको हो, त्यसलाई ३ वर्ष कैद गर्ने प्रावधान गरियो । पहिले चलन र प्रशासकीय हिसाबले मात्र बुद्धधर्म र हिन्दू-धर्मको भेद गरिन्थ्यो । भने श्री ३ चन्द्र शम्शेरको पालादेखि कानूनी रूपले नै बुद्धधर्म हिन्दू धर्मदेखि बेग्लै छुट्टै मानियो । इतिहासमा पहिलो पटक बुद्धधर्मको विरोधमा नेपालमा कानून बन्यो ।

२९. चन्द्र शम्शेरको पालामा वर्तमान नेपालमा पहिलो लामा

Downloaded from http://dhamma.digital

चेलु हुनुभएका भिक्षु महाप्रज्ञालाई धर्म परिवर्तन गरेको आरोपमा पक्रियो, थुनामा राखियो, र धेरै दिन बयान लिइयो । पछि उहाँ र उहाँको साथ चेलुहरू महाचन्द्र, महाज्ञान, महाक्षान्ति सबैलाई देश निकाला गरियो । जुद्ध शम्सेरको पालामा भिक्षुहरू प्रज्ञानन्द, धर्मालोक, सुबोधानन्द, प्रज्ञारश्मि, कुमार काश्यप, प्रज्ञारस, अग्ग धम्म र रत्न-ज्योतिहरूलाई पनि देश निस्कासित गरिएको थियो । त्यति मात्र होइन, भिक्षु महाप्रज्ञा र भिक्षु अमृतानन्दले भोजपुरमा बुद्धमूर्ती राखी बौद्ध यात्रा गरेको आरोपमा उहाँहरूलाई हथकडी समेत लगाएर जेलमा राखिएको थियो र केही महिनापछि फेरि जेलबाटै पुनः देश निस्कासित गरिनुभयो । नेपालमा भिक्षुहरू त्यसबेलादेखि २००७ सालसम्म धेरै पटक देश निस्कासित हुनुपरेको थियो । साथै राणा शासनको अवस्था-मा बुद्धधर्मको विकासमा सर्वाधिक महत्त्वपूर्ण भूमिका खेल्नु भएका धर्मादित्य धर्माचार्य जगतमानले भारतबाट छापेर ल्याएका बौद्ध किताबहरू तत्कालीन प्रशासनद्वारा जफत गरियो, त्यस्तै भिक्षु अमृता-नन्दले लेख्नु भएका किताबहरू त्रिरत्न वन्दना, धम्मपद, पाठचसूत्र, बुद्ध–जीवनी, गृही–विनय आदि किताबहरू पनि जफत गरियो । त्यति-मात्र होइन, राणा शासनको पालामा बौद्ध भजन भएको ज्ञानमाला किताब बेचेको अभियोगमा काठमाडौंका एकजना पसले भक्त बहादुरको सर्वस्व समेत हरण गरिएको थियो । राणाहरू अरू क्षेत्रमा जे–जस्तो भएपनि धार्मिक दृष्टिले हिन्दू थिए र हिन्दूधर्मको संरक्षण र सम्बर्धन गर्ने गर्दथे । त्यसबेलाका शासक प्रशासकहरूद्वारा बुद्धधर्मप्रति भएको त्यो अन्यायपूर्ण कठोर कारवाहीबाट यही कुरा प्रमाणित हुन्छ कि

Downloaded from http://dhamma.digital

त्यसबेलामा अर्थात् आजभन्दा ३०।४० वर्ष पहिलेसम्म पनि उनीहरूले बुद्धधर्मलाई आफ्नो परिवारको सदस्यको रूपमा सम्झेका थिएनन् । बुद्धधर्मलाई पराइको रूपमा, नास्तिकको रूपमा, अवाञ्छित रूपमा सम्झेको कारणबाटै भिक्षु हुँदा तथा बुद्धधर्म प्रचार गर्दा देश निकाला गर्ने, जेल राख्ने गरिएको हो । यी सबै कुराबाट यही सिद्ध हुन्छ कि बुद्धधर्म हिन्दूधर्मको शाखा होइन ।

३०. यी सबै कुरा बिर्सेर फेरि आजभोली केही विद्वानहरू हिन्दूधर्मको विशेषता वेद ॐ र गाईमा देख्दछन् र वेद मान्ने, गाई पूज्ने तथा ॐ लाई महत्त्व दिने धर्म हिन्दूधर्मभित्र पर्दछन् भनेर बुद्ध-धर्मलाई आफ्नो अन्तर्गतको हो भनी प्रमाणित गर्न खोज्दैछन् । वेद हिन्दूहरूको सर्वस्वीकृत ग्रन्थ हो, मूल ग्रन्थ हो । विभिन्न धर्मावलम्बीहरू सबैले आफ्नो धर्मग्रन्थलाई शब्द प्रमाण मानेको हुन्छ । तर वैदिक धर्मावलम्बीहरूले वेदलाई शब्द प्रमाग मात्र होइन स्वतः प्रमाण मान्दछन् । कुनैपनि ग्रन्थ स्वतः प्रमाण हुनसक्छ कि सक्दैन त्यो शास्त्रीय विवादको विषय हो । त्यतातिर छलफल गर्नु यस लेखको उद्देश्य होइन । वेदको बारेमा स्मृतिकारहरूको मत छ: १ वेद इश्वरकृत रचना हो, २ वेद अनादि र अनन्त छ, ३ वेद सम्पूर्ण सत्य विद्याको भण्डार हो, ४ वेदका कुरा भूत, भविष्य र वर्तमान सबैकालका लागि सत्य छन्, ५ वेदलाई निन्दा गर्नेलाई नास्तिक मान्नु पर्दछ ।

३१. त्यसैले हिन्दूहरू वेदलाई अपौरूषिय सम्झन्छन् र हिन्दू-धर्ममा संपूर्ण दर्शन, सिद्धान्त, आचार, व्यवहार सबै मूलतः वेदानुकूल हुनुपर्दछ भन्दछन् । सिद्धान्ततः हिन्दूधर्मका सबै दर्शन एवं सम्प्रदायहरू

Downloaded from http://dhamma.digital

वेदानुकूल छन् पनि । यस दृष्टिले त्यो धर्म एवं सम्प्रदाय जुन वेदानुकूल छैन एवं हुँदैन, त्यसलाई कुनै पनि हालतमा हिन्दूधर्म अन्तर्गतको हो भनेर भन्नु उचित हुँदैन । यो मापदण्डले बुद्ध धर्मलाई जाँच्यौ भने स्थिति अरू प्रष्ट हुनेछ । बुद्धधर्म सिद्धान्त र व्यवहार दुवै दृष्टिले वेदको विपरीतमा छ । गौतम बुद्ध वेदलाई अपौरूषिय सम्भदैनन्, ईश्वरकृत ठान्दैनन् र वेदलाई सम्पूर्ण सत्य ज्ञानको भण्डार भन्ने पनि मान्दैनन् । बुद्धधर्ममा वेदका कथाहरूको पठन पाठन गर्ने, श्रवण गर्ने कुनै प्रावधान छैन, यज्ञ यज्ञादि गर्ने चलन पनि छैन । भगवान् बुद्धले वेदलाई त्यति प्रयोजनको पनि मान्दैनन् ।

३२. यसै प्रसंगमा हाम्रो सामु २।४ वटा प्रश्नहरू अघि सर्दछन् ।

हिन्दू कसलाई भन्ने ?

के वेद नमान्ने हिन्दू हुन सक्छ ?

के वेदको मर्यादा नगर्ने हिन्दू हुन सक्छ ?

के वेदको विरोधमा प्रचार गर्ने हिन्दू हुन सक्छ ?

लेखकको विचारमा वेद नमान्ने, वेदको मर्यादा नराख्ने तथा वेदानुकूल आचरण नगर्ने व्यक्ति कुनै पनि हालतमा हिन्दू हुन सक्दैन । धर्मको निश्चित आचार हुन्छ, संहिता हुन्छ । मुख्य कुरा आचार र संहिता हो । कसैले वेद पढ्यो कि पढेन, त्यो ठूलो कुरा होइन । उसले वेदानुकूल आचरण गर्‍यो कि गरेन र वेदले स्थापना गरेको मर्यादा पालन गर्‍यो कि गरेन भन्ने ठूलो कुरा हो । भगवान बुद्धले वेद पढेका थिए, यसमा शंका छैन । तर के वेदवाट उनी प्रभावित भए ? वेदबाट

Downloaded from http://dhamma.digital

प्रभावित भएको भए उनले वेदानुकूल आचरण गर्ने थिएन ? के उनले त्यसो गरे ? के उनले वेदको मर्यादा पालन गरे ? प्रष्ट जवाफ छ उनले त्यसो गरेनन् । त्यसको विपरीत, उनले वेदको विरोध गरे । वेदको मर्यादा उल्लंघन गरेर वेदलाई चुनौति दिए भने के उनलाई वेदबाट प्रभावित भएको भनेर मान्न सकिन्छ ? यो एक गम्भीर प्रश्न हो । यो प्रश्नको निस्पक्ष र निर्भिक जवाफले बुद्धत्व र हिन्दूत्वलाई राम्ररी पृथक पारिदिन्छ, बेग्ला–बेग्लै पारेर छुत्याई दिन्छ र बुद्धधर्म हिन्दूधर्मको शाखा होइन भन्ने कुरालाई प्रमाणित रूपले सिद्ध गरिदिन्छ ।

३२. दोश्रो कुरा छ ॐ को । हिन्दू धर्ममा ॐ को ठूलो महत्त्व छ, महिमा छ । विद्वानहरू ॐलाई आफ्नो निजी बिशेषता मान्दछन् र ॐ मान्ने सबै हिन्दू हुन् भनी भन्ने गर्दछन् । यस दृष्टिले बुद्ध धर्मको मूल ग्रन्थ त्रिपिटकतिर दृष्टिपात गर्दा के पाइन्छ भने त्यसमा कहींकतै ॐ को महत्त्व एवं महिमा उल्लेख भएको पाइदैंन । बुद्धधर्मको मूल ग्रन्थमा ॐको खास स्थान नभएकोले संक्षिप्तमा यही भन्न सकिन्छ कि बुद्धधर्म हिन्दूधर्मको शाखा होइन ।

३४. तेश्रो शर्तको रूपमा गाईलाई अघि सारिएको छ। आधुनिक हिन्दूधर्ममा गाईको महत्वपूर्ण स्थान छ । ऐले गाईलाई पुज्नु हिन्दूहरूको धर्म भएकोछ, परम्परा भएको छ । बुद्धको जमानामा गाईको मासु खाने चलन समाजमा थियो । तर बुद्धधर्ममा गाईलाई कुनै बिशेष स्थान दिइएको छैन । बौद्ध दृष्टिकोण अनुसार गाई पनि अरू जनावर सरह एउटा जनावर हो, पशु हो र प्राणी हो । बुद्धधर्म

Downloaded from http://dhamma.digital

अहिंसात्मक धर्म भएकोले अन्य प्राणी सरह गाईको हत्या पनि त्यसमा वर्जित गरिएको छ। यस किसिमले यी दुई धर्ममा गाईलाई प्रदत्त स्थानको हिसाबले पनि निसंकोच भन्न सकिन्छ कि बुद्धधर्म र हिन्दूधर्म एउटै धर्म होइन।

३५. हिन्दूधर्मको विशेषता मध्ये चतुवर्ण व्यवस्था एक हो। **ब्राह्मणस्य मुखमासीन. . . . .** अर्थात् ब्राह्मणहरू ईश्वरको मुखबाट निस्केका हुन् . . . . भन्ने जुन वेद वाक्य छ, त्यो हिन्दू दर्शनको मौलिक कुरा हो विशेषता हो। आधारशीला हो।

आजकल यो कुरा उल्लेख गर्दा आधुनिक विद्वानहरूलाई त्यति मन नपर्न सक्छ, अलि खसखस लाग्न सक्छ। किनभने आज युगको हावा त्यो वाक्यको विपरीतमा छ. वर्ण व्यवस्थाको विरोधमा छ। आज जताततै समानताको नाराले जोड पक्रेको छ। समयको गति अनुसार लोकको परिस्थिति पनि बदलिंदै जाने गर्दछ। वैदिककालको परिस्थिति पौराणिक कालमा, पौराणिककालको ऐतिहासिक कालमा बदलिन्छ। फेरि ऐतिहासिक काल मात्र भनेर पनि हुँदैन त्यसको पनि प्राचीन र आर्वाचीन अवस्थामा परिस्थिति, नैतिकता र चरित्रमा अन्तर आउँछ। आजकालका हिन्दूहरू त्यसैले उपरोक्त वेद वाक्यमा परिवर्तन चाहन्छन्, तर उनीहरू त्यसो भन्न र गर्न सक्दैनन्। कोही विद्वानहरू अछुतहरूलाई हिन्दूधर्मबाट अलग्याएमा आफू अल्पमतमा पर्दछन् भनेर प्रलाप गर्दै अछुतहरू हिन्दू नै हुन् र उनीहरूलाई देवालय आदिमा प्रवेश दिनुपर्दछ भन्ने गर्दछन् भने कोही चतुवर्ण व्यवस्था अनुसार सबै मानिस ब्रह्माजी कै शरीरबाट निस्केकोले त्यसमा भेदभाव

Downloaded from http://dhamma.digital

छुवाछुत हुँदैन भन्ने तर्क दिन थालेका छन्। बेग्ला–बेग्लै क्षेत्रका मानिसहरूको राय बेग्ला–बेग्लै हुन्छन्। राजनीति गर्नेलाई सत्तामा पुग्नु पर्दछ, सत्तामा पुग्न बहुमतको आवश्यक पर्दछ र उनीहरू आफू अल्पमतमा पर्लान् भनी डराउँछन्। उता कोही समाज सुधारक वा समाज सेवामा लागेकाहरू त्यस किसिमको जन्मदेखिको भेदभावपूर्ण व्यवहार देख्न सक्दैनन्। तर त्यो आफ्नै धर्मको कुरा भएकोले त्यसको खण्डन गर्न पनि अप्ठेरो पर्दछ। त्यस किसिमका व्यक्तिहरू वेद मनुस्मृति आदिको खण्डन नगरी आफ्नै पाराले तर्क दिन्छन्। त्यो उनीहरूको बाध्यता हो, जुन स्वभाविक पनि हो। राजनीति गर्नेसंग राजनीतिको मात्रा धेरै हुन्छ। धार्मिक भावना त्यति पर्याप्त नहुनसक्छ। मानिसको यो एक स्वभाव हो कि आफू जेमा लागेको छ त्यही पक्षको उद्देश्य हासिल गर्न कम स्वार्थ भएको पक्षको सम्बन्धमा अलि हल्का किसिमले भन्ने गर्ने र सोच्ने गर्दछ। त्यसैले राजनीति गर्नेले तथा समाज सेवामा लागेका व्यक्तिहरूले गरेका धर्मको व्याख्या भन्दा धार्मिक क्षेत्रमा लागेका, धर्मलाई नै आफ्नो क्षेत्र मानेका, धार्मिक अभिष्टता नै आफ्नो एक मात्र स्वार्थ सम्झेका व्यक्तिले गरेको धर्मको व्याख्या आधिकारीक हुनसक्छ, मान्य हुनसक्छ। हिन्दूधर्ममा त्यस्तो आधिकारीक व्याख्यान-हरू धेरै छन्। उनीहरू मध्ये शंकराचार्य सर्वमान्य छन्। भारतका शंकराचार्यहरू मध्ये पूरीका शंकराचार्य श्री निरञ्जन देव तीर्थले त्यस सम्बन्धमा आफ्नो विचार निडरतासाथ दिंदै आउनु भएको छ। भारतबाट प्रकाशित रविवार (१९८७ अक्टुबर १–७ खण्ड ७ अंक ७) मा छापिएको आफ्नो अन्तरवार्तामा उहाँले प्रष्ट रूपमा भन्नु भएकोछ–

Downloaded from http://dhamma.digital

जो जातपात मान्दैन उ हिन्दू नै होइन । तर बुद्धधर्मले जातपात मान्दैन, जातीय भेदभावमा विश्वास गर्दैन । भगवान बुद्ध त्यसमा विश्वास नगर्ने मात्र होइन कि त्यसको विरोध पनि गर्दछन् । त्यस सम्बन्धमा बुद्धले भनेका छन् :

**"न जच्चा वसलो होति, न जच्चा होति ब्राह्मणो**
**कम्मना वसलो होति, कम्मना होति ब्राह्मणो ।"**

तथागतले यस किसिमले ब्राह्मण धर्मको सबभन्दा ठूलो विशेषता माथि बन्चरोले कडा प्रहार गरेका छन्, विरोध गरेका छन् भने बुद्धधर्म हिन्दूधर्मको शाखा कसरी हुन्छ, यो विश्वासै गर्न नसकिने कुरा हो ।

३६. बुद्धधर्म र हिन्दूधर्मका बीच सैद्धान्तिक मतभेद भएको अर्को महत्वपूर्ण विषयछ, त्यो हो – आत्मा । हिन्दूधर्म र त्यसको सबै शाखा प्रशाखाहरू आत्मामा विश्वास गर्दछन् र उनीहरूलाई **आत्मवादी** भनिन्छन् । उनीहरूका अनुसार आत्मा अमर छ, अजर छ अर्थात् त्यो न जल्छ, न मर्छ । मानिसको जीवन र मरणको साथ त्यो संयुक्त र वियुक्त हुन्छ । बुद्धधर्म आत्मा मान्दैन र आत्माको अस्तित्व स्वीकार गर्दैन । त्यसैले बुद्धधर्मलाई **अनात्मवादी** भन्दछन् । आत्माको बिषयमा तथागतले भनेका छन् कि आत्मा सम्बन्धमा अनगिन्ती मतहरू छन् । कोही भन्छन्–आत्मा ज्यादै सुक्ष्म हुन्छ । कोही आत्मालाई निराकार मान्छन् भने अरू कोही अर्कै कुरा बताउँछन् । कोही आत्माले अनुभव गर्दछ भन्छन् भने अरू कोही अर्कै व्याख्या गर्दछन् । आत्मा सम्बन्धमा कुनै निश्चित मत र सिद्धान्त छैन । जुन जीव, वस्तु या पदार्थ अस्तित्वमा हुन्छ, त्यसबारे निश्चित मत हुनसक्छ । जुन छंदैछैन, हुंदै हुंदैन

Downloaded from http://dhamma.digital

भने त्यसबारे अफवाह फैलिनु, किंवदन्तीहरू जोडिनु, त्यसबारे ठोस धारणा र विचार नहुनु कुनै आश्चर्यको कुरा होइन । आत्मा सम्बन्धमा महाकवि अश्वघोष रचित बुद्ध चरित्रको नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान-द्वारा नेपालीमा अनुदित किताबमा के लेखिएको छ भने संशयजन्य, अस्पष्ट, परस्पर विरोधी दर्शनको अनुशरण गर्नु उचित होइन । अन्धकारमा अन्धो गुरूले डोऱ्याएको अन्धो शिष्य झैं हुन्छ । किताबमा भनिएकोछ उद्दकराम पुत्रको धर्मले आत्मालाई स्वीकारेको हुनाले उनको दार्शनिक विचार शिद्धार्थ गौतमले ग्रहण गरेनन् । गौतमले प्रष्ट भनेका छन् कि त्यो धर्मले मलाई न बैराग्य, न ज्ञान, न मुक्ति नै दिनसक्छ । अर्को बुद्धधर्म प्रत्यक्ष प्रमाण मान्छ । प्रत्यक्ष प्रमाणको आधारमा आत्माको अस्तित्व पहिचान नहुने भएकोले तथागत त्यस सम्बन्धी विवाद नै व्यर्थ र अनुपयोगी मान्नु हुन्छ ।

३७. समाजको ब्यवहारमा कोही मानिस मर्दा "उसको आत्मा भौतारिएको" कुरा चर्चा गर्छन् । फेरि आफ्नोजन मर्दा "उसको आत्माको शान्तिको लागि" भनेर कामना गर्ने चलन छ । यो चलन बढ्दै गएकोछ । यस किसिमको भनाई र गराई साँचो भए मानिसको शरीरबाट छुट्नु पर्दा आत्मालाई निश्चय नै दुःख लाग्ने रहेछ भन्ने बुझिन्छ । यसबारे १/२ वटा प्रश्न उत्पन्न हुन्छन् । के आत्मा र परमात्माले पनि दुःख, सुखको अनुभव गर्नु पर्दछ ? सुख शान्ति त सबैले चाहन्छ नै होला । तर के नचाहेको दुःख अशान्ति भोग्नपनि त्यो बाध्य छ ? शरीरले त केही क्रिया गर्छ र तदनुसारको फल भोग्नु पर्दछ भन्नेछ । आत्माले के क्रिया गर्दछ र उसलाई दुःख हुने, अशान्ति हुने

Downloaded from http://dhamma.digital

गर्दछ, जसको लागि हामीले शान्तिको कामना गरिदिनु पर्दछ ।

३८. बुद्धधर्मले आत्मा मात्र होइन, ईश्वरको अस्तित्व सम्बन्धमा बहसगर्नु त्यति उपयुक्त सम्झदैनन् । दर्शनका पण्डित महापण्डितहरूले बौद्ध दर्शनलाई नास्तिक संज्ञा दिएर चार्वाक दर्शनको पंक्तिमा राख्ने प्रयास गरेका थिए । यो कुरा प्राचीन धार्मिक इतिहासका ज्ञाताहरू सबैलाई थाहा छ । वास्तवमा बुद्धधर्मले ईश्वरको अस्तित्व स्वीकार गर्दैन पनि । त्यसरी निरिश्वरवादी बुद्धधर्म जसलाई तत्कालीन वैदिक धर्मावलम्बीहरू नास्तिक भन्ने संज्ञा दिन्थे लाई हिजो आजको ईश्वरवादी विद्वानले किन र कसरी आफ्नो शाखाको रूपमा व्याख्या गर्न खोजिएका हुन्, त्यो कुरा सर्वसाधारणको चिन्तन र मननदेखि परको कुरा हो । यो एक विडम्बना कै कुरा हो कि जुन महापुरूषले ईश्वरको अस्तित्व स्वीकारेन, उसैलाई ईश्वरको अवतार भनेर भन्न खोजिएको छ । के यो सुहाउँदो कुरा हो ? एकातिर अनिश्वरवादी एवं अनात्मवादी बुद्धधर्म अर्कोतिर ईश्वरवादी एवं आत्मावादी हिन्दूधर्म ! कसरी शाखा हुने ? कसरी प्रशाखा हुने ? जब कि यी दुई बोटका जरानै बेग्ला-बेग्लै छन्, आधारभूत अंगहरूनै फरक-फरक छन्, फल र फूलनै अर्कै अर्कै छन् । हिन्दूधर्मका मूलभूत आधार, विशेषता र मौलिकता मध्ये ईश्वर, आत्मा, वेद, ॐ, गाई, वर्णाश्रम व्यवस्था आदि हुन् । यी कुनै पनि कुरामा हिन्दूधर्म र बुद्धधर्मको विचार र मान्यता मिल्दैनन् । फरक फरक छन् । अधिकांशत: विपरीत पनि छन् भने बुद्धधर्म हिन्दूधर्मको शाखा या हांगा कसरी हुन्छ ? त्यो भनाई कसरी मिल्छ ? कसरी प्रमाणित हुन्छ ? यस्तो कुरामा पनि किन एकतर्फी प्रचार प्रसार भइरहेछ, यो एक

Downloaded from http://dhamma.digital

रहस्यको कुरा छ र बुझ्न नसकिने कुरा छ। धर्म जस्तो बिषयमा सत्य र तथ्यलाई एकातिर राखी, वास्तविकतालाई बेवास्तागरी कोही विद्वानहरूले भने भन्दैमा हाहामा लाग्नु उचित हुँदैन। त्यसरी हाहामा लागेर न बुद्धधर्मको हित हुन्छ, न त हिन्दूधर्मको नै कल्याण हुन्छ। धर्ममा या धार्मिक क्षेत्रमा नै सत्यता रहेन भने, धर्ममा तथ्य मेट्टिएभने, धर्ममा पनि वास्तविकता लोप भयो भने अरू कुन क्षेत्रमा सत्य पाउन सकिएला ? यो एक गम्भीर प्रश्न हो जुन आजका नेपाल र भारतका विद्वानहरूले हृदयंगम गर्नु नितान्त आवश्यक छ।

३९. बुद्धधर्म हिन्दूधर्मका बीच चर्को मतभेद भएको अर्को विषय छ हिंसा। बुद्धधर्म हिंसा गर्दैन, हिंसामा विश्वास गर्दैन। त्यसै धर्मको सम्पूर्ण सिद्धान्त र व्यवहार अहिंसात्मक छन्। बुद्धधर्म र अहिंसा यति धुलमिल भएर बसेका छन् कि बुद्धधर्म भन्नासाथ अहिंसाको स्मरण हुन्छ, अहिंसाबोध हुन्छ। छोटकरीमा भनौं भने बुद्धधर्म पूर्णरूपेण अहिंसामा आधारित छ। तर हिन्दूधर्म त्यस्तो छैन, अहिंसामा आधारित छैन। हिन्दू शास्त्रका कुनै कुनै पन्नाहरूमा अहिंसाको वर्णन गरिएको त पाउन सकिन्छ, तर त्यसको लगतै र त्यो भन्दा धेरै वर्णन यसरी मारियो, उसरी मारियो, यस किसिमले बली दिंदा यस्तो फल प्राप्त भयो भन्ने देखिन्छन्। अर्थात् कुनै हिन्दूले एउटा हातले अहिंसा परमोधर्मको ब्यानर देखाउँछ भने यो निश्चय छ कि त्यसको अर्को हातमा, दाहिने हातमा, अवश्य धारिलो खुंडा या तरवार या धनुषकांड-युक्त हुनेछ। हिन्दूधर्ममा १८ वटा बलीको शास्त्रले विधान गरेको छ। त्यसमध्ये पञ्चवली त आजभोलि पनि गर्ने नै गरिएको छ। प्राचीन

Downloaded from http://dhamma.digital

धर्मशास्त्रहरू बडे बडे अश्वमेध यज्ञ, नरमेध यज्ञ, गोमेध यज्ञ आयोजना गर्ने तिर तरिका र वर्णनहरूले भरिएका छन् । हिन्दूधर्मको अहिंसात्मक रूप देखाउन आजभोलि कसै कसैले गीता च्यापेर भारतमा अहिंसात्मक आन्दोलन गर्ने महात्मा गान्धीको उदाहरण दिने गर्दछन् । महात्मा गान्धीले गीताको सार के–कति लियो, कसरी लियो, त्यो उनको आफ्नो कुरा हो । तर भगवान कृष्णको मुखारविन्दबाट प्रत्यक्ष गीताको श्रवण गर्न पाएका अर्जुनले गीताकै प्रभावले गर्दा आफ्नै सन्तानको विरोधमा धनुषकाँढ चलाएका थिए । भगवान कृष्णकै प्रेरणाले त्यत्रो महाभारत काण्ड मच्चिएको सर्वविदित कुरा हो । त्यतिमात्र होइन, त्यसपछिको अनेक शास्त्रहरूमा पनि कलह, षडयन्त्र र हत्याको विवरणले भरिएको छन् । उता भगवान बुद्ध त्यसरी कसैको शरीर हत्या र हिंसा गर्नुमा विश्वास गर्दैनन् । बुद्धयुगमा त्यस्तो कहिंकतै भएको पनि छैन । आफैलाई मार्न आउने माथि पनि तथागतले द्वेषको भाव राख्दैनन् र बदलालिने उम्मीद पनि गर्दैनन् । उनले यस सम्बन्धमा भनेका छन् ।

**"नहि वेरेन वेरानि सम्मन्तीध कुदाचनं ।**
**अवेरेन च सम्मन्ति एस धम्मो सनन्तनो ।।"**

(धम्मपद – १/५)

भगवान बुद्धले कहिल्यै वैरभावलाई वैरभावले हटाउने प्रयास गरे-नन्, हत्याको बदला हत्या गर्ने विचार गरेनन् । उनको अहिंसा परमोधर्म भन्ने सिद्धान्त, सिद्धान्तकै लागि मात्र होइन, कागजी मात्र होइन, देखावटको लागि मात्र पनि होइन, उनको त्यो सिद्धान्त थियो, अटल सिद्धान्त र उनको त्यो व्यवहार थियो– जस्तोसुकै आपत्ति-विपत्तिको

Downloaded from http://dhamma.digital

बेलामा पनि उनले त्यो सिद्धान्त छाडेनन्, त्यो व्यवहार त्यागेनन्। उनको पालामा अङ्गुलीमाल भन्ने एकजना अत्यन्त डरलाग्दो डाँकु थियो। जसले १००० जनालाई मारेर प्रत्येकको एक–एकवटा औंलाको माला लगाउने अनुष्ठान गरेको थियो। उनले ९९९ जनालाई मारिसकेको थियो र अब एकजना मात्र बाँकी थियो। एकजना पाएमा उनको कार्य पूरा हुने, प्रतिज्ञा पूरा हुने निश्चय थियो। त्यहिबेला उनले जंगलमा भगवान बुद्धलाई भेट्टायो। उनको कार्य पूरा गर्ने एकजना मानिस पाएर उनी खुशी भएर भगवानलाई मार्न खोजे, तर सकेन। उ आफै छक्क परे, हैरान भए र अन्तमा केही शीप नलागेर ऊ नै बुद्धको शरणमा गए। बुद्धले शरण दिए। अङ्गुलिमाल भिक्षु भए। बुद्धको अहिंसाको यो एक सानो उदाहरण मात्र हो। उनको जीवनमा यस्ता धेरै घटनाहरू घटेका छन्।

४०. हिन्दूधर्ममा उहिले मात्र होइन, अहिले पनि बली प्रथाको उत्तिकै चलन छ। हाम्रै देशको कतिपय महत्वपूर्ण धार्मिक स्थलहरूमा, कोटहरूमा कुन कुन प्राणीहरू के कति बलि दिने भन्ने कुराको कोटा नै तोकिएको छ। साथै कतिपय ठाउँहरूमा बलिदिनका लागि प्राणीहरू खरीद गर्ने बजेटको समेत व्यवस्था मिलाइएको हुन्छ। यस किसिमले हिंसा या अहिंसाको सिद्धान्त सम्बन्धमा पनि बुद्धधर्म र हिन्दूधर्मका बीच मतमतान्तर भएको प्रष्ट देखिएकोले यो कुरा जोडदारसाथ भन्न सकिन्छ कि बुद्धधर्म हिन्दूधर्मको शाखा होइन।

४१. बुद्धधर्म हिन्दूधर्मको शाखा होइन भन्ने कुरा धेरै–धेरै धर्मात्माहरूले प्रष्टरूपमा भनिसकेका छन्। तैपनि बीचमा केही स्वार्थी

Downloaded from http://dhamma.digital

विद्वानहरूले तोडमरोड गरेर व्याख्या गरिदिंदा भ्रम उत्पन्न भएको मात्र हो । यस सम्बन्धमा द्वारका शारदा पीठाधीश्वर जगतगुरू शंकराचार्य सच्चिदानन्द तीर्थ स्वामीले प्रकट गरेको विचार यहाँ स्मरणीय छ । उनले आफ्नो त्यो विचार भारतबाट प्रकाशित हुने विशिष्ट धार्मिक पत्रिका 'कल्याण' को धर्माङ्क विशेषांक (वर्ष ४० संख्या १, १ जनवरी १९६६) मा "श्री जगत गुरू शंकराचार्य तथा सनातन-धर्म भन्ने लेखमा स्पष्टरूपमा अभिव्यक्त गरेका छन् । यदा यदाहि धर्मस्यको प्रसंगमा उनले लेखेका छन्– "कलियुगको प्रारम्भदेखि ढाइ हजार वर्षपछि जब धर्मको पुनः ग्लानी भयो, तब साक्षात् भगवान शंकरले नै आद्य शंकराचार्यको रूपमा अवतिर्ण भएर धर्मोद्धार गरे । श्री मदाद्य शंकराचार्यको चरित्र को जान्दैन र ? उनै आचार्य चरणले जुन समयमा अवतार लिए, त्यस समय भारतको स्थिति नै विचित्रको थियो ? चार्वाक, लोकायतिक, बौद्ध, जैन आदि वेद नमान्ने तथा कोही तान्त्रिक र विचित्र मतवालाहरू प्रवल भएर झगडा गर्दथे । बुद्धधर्मको प्रभाव त धेरै अघि बढीसकेको थियो । सनातन धर्म लुप्त प्रायः भएर गएको थियो ।"

४१. जगतगुरू शंकराचार्य सच्चिदानन्द तीर्थस्वामीको त्यस भनाइबाट ३।४ कुराहरू छर्लङ्ग हुन्छन् । प्रथमत बुद्धधर्मले वेद मान्दैन भनेर जुन पहिले भनियो, त्यो कुरा सिद्ध हुन्छ । दोश्रो कुरा, बुद्धधर्म र सनातन धर्म दुइ बेग्लाबेग्लै धर्म हुन् भन्नेमा अब राम्ररी क्लेस हट्नु पर्दछ, भ्रम निवारण हुनुपर्दछ । तेश्रो त्यसबेला बुद्धधर्म अरू कुनैपनि धर्म भन्दा धेरै फैलिएको थियो । त्यही कुरा भारतका सनातनी धर्मवालाहरूलाई सह्य भएन । बुद्धधर्मको त्यो बढोत्तरीलाई तिनीहरूले

धर्मको ग्लानी सम्फे जसको लागि शंकर भगवानले शंकराचार्यको रूपमा प्रकट हुनुपऱ्यो । चौथो, बुद्धधर्मलाई पतन गरेर नै शंकराचार्यले सनातन धर्मको पुनरूत्थान गरेका थिए ।

यदि आज भोलिका विद्वानहरूले प्रचार गरे झैं त्यसबेलाका धर्मात्माहरूले या भनौं शंकर भगवान आफैले बुद्धधर्मलाई सनातन धर्मको शाखा मानेको भए बुद्धधर्मको त्यो उन्नति देखेर त्यसरी टाउको दुखाउने नै थिएनन्, शंकर भगवान आफै शंकराचार्यको रूपमा अवतीर्ण हुनुपर्ने कारण नै थिएन । यदा यदा हि धर्मस्य भन्ने गीताको उक्ति लागू गर्नु पनि दरकार नै हुने थिएन । तर जुन हुनु नपर्ने भनेर आज हामी भन्छौं, त्यसबेला ती सबै भए । किनभने वास्तवमा यी दुइ धर्महरू बेग्ला–बेग्लै थिए । र आज पनि बेग्ला–बेग्लै नै छन् । यो कुरा जगत गुरु शंकराचार्य सच्चिदानन्द तीर्थस्वामीको माथि उल्लेखित निडर र निस्पक्ष भनाइले सिद्ध गरिदिएकोछ ।

४३. शंकराचार्यले त्यसमा प्रकट गरेको विचारमा सहमत हुन नसकिने यौटा कुरा छ, त्यो के भने उनले माथि उल्लेखित धर्महरू आपसमा झगडा गर्दथे भनेर बुद्धधर्मलाई पनि एउटा झगडालु चरित्रको धर्म भनेर भन्न खोजे । अरू धर्मले के–कस्तो गरे, त्यो यस लेखको चासोको विषय होइन । तर बुद्धधर्मले कहिं कसैसंग त्यसरी झगडा गरेन, कहिंकतै अशान्तिको सिर्जना गरेन । यो एक यथार्थ हो, वास्तविकता हो । यो कुरामा विश्व इतिहास साक्षी छ ।

४४. बुद्धधर्म विश्वका धेरै देशहरूमा फैलिएकोछ । यो धर्म

Downloaded from http://dhamma.digital

जहाँ पुगेकोछ, त्यहाँ शान्ति र मैत्रीपूर्वक रहेकोछ। बुद्धधर्मले राजा बिम्बिसार, सम्राट अशोकदेखि कनिष्क, हर्षवर्धन जस्ता भारतका बडे बडे राजाहरूलाई आफ्नो बनायो, तर झगडा गरेर होइन, बलजफ्तीले पराजय गरेर होइन, हार र जीतको सवाल उत्पन्न गरेर होइन। बुद्धधर्म श्रीलङ्का पुग्यो। चीन पुग्यो, तिब्बत, जापान, थाइलैण्ड, लाओस, बर्मा, मंगोलिया, कोरिया आदि देशहरूमा पुग्यो र आज कतिपय देशको यो राज्य धर्म पनि भएकोछ। बुद्धधर्म जहाँ-जहाँ पुग्यो, कहिं कतै हिंसा गरेर होइन। दिग्विजय गरेर होइन, षडयन्त्र गरेर होइन, कहिं कसैलाई पराजय गरेर होइन; मैत्रीपूर्वक शान्तिपूर्वक नै भएकोछ। यस्तो शान्ति, मैत्री र अहिंसाको सन्देश दिने, सह-अस्तित्वमा विश्वास गर्ने, बहुजन हित र बहुजन सुखको व्यावहारिक शिक्षा दिने, बुद्धधर्मलाई झगडा गर्दथे भनेर भन्नु सरासर गलत हो। त्यो अन्याय हो। बुद्धधर्म प्रतिको त्यो दुराग्रह मात्र हो।

४४. बुद्धधर्म प्रति त्यस्तै विचार भारतका कहलिएका धार्मिक विद्वान कवि लेखक गोस्वामी तुलसीदासले पनि प्रकट गरेका छन्। हुन त त्यस्तो हुबहु विचार अरूहरूले पनि प्रकट नगरेका होइनन्। तर गोस्वामी तुलसी अग्रगन्यमा गनिन्छन्। उनले भगवान बुद्धलाई आफ्नो दोहावलीमा नराम्ररी निन्दा गरेकाछन्। उनले भनेका छन् :

**"अतुलित महिमा बेदकी तुलसी कि ये बिचार।**
**जो निन्दत निन्दित भयो विदित बुद्ध अवतार॥"**

गोस्वामीको त्यस भनाइबाट २।३ वटा कुराहरू प्रष्ट हुन्छन्।

Downloaded from http://dhamma.digital

प्रथमत बुद्धले वेद मान्दैन भन्ने कुरा फेरि पुष्टि भएकोछ। दोश्रो बुद्धले वेदको निन्दा गरेकोले उनीहरूले बुद्धको निन्दा गरेका हुन्। यो सानो कुराबाट गोस्वामी कालमा पनि कट्टर हिन्दूहरूले बुद्धधर्मलाई के–कस्तो सम्फने रहेछन् भन्ने प्रष्ट हुन्छ। आजकालका कोही विद्वान ब्राह्मणहरू फेरि बुद्धधर्म र हिन्दूधर्मको तालमेल मिलाउनु पर्छ भन्दै बुद्ध ठीक थिए तर उसका अनुयायीहरूले बुद्धको कुरा बग्यांएकाले फाटो देखिएको हो भनेर दोष सबै बुद्धधर्मतिर थोपार्न खोज्दैछन्। बुद्ध ठीक भएको भए किन उसलाई नास्तिक भनियो ? के हिन्दूधर्म अनुसार नास्तिक हुनु पनि ठीक हुन्छ ? बुद्धलाई ठीक मानेको भए उनलाई चोरलाई फैं दण्ड दिनुपर्छ भनेर किन भनियो ? बौद्ध मन्दिर नजाउ भनेर किन रोक लगाइयो ? बौद्धहरूको अनुहारै नहेर, उनीहरूसंग बोल्दै नबोल भनेर किन भन्न लगाइयो ? एकातिर हिन्दू शास्त्रले यथानाम बुद्ध र बुद्धधर्मलाई गाली गर्दैछन् भने अर्कोतिर कोही विद्वानहरू बुद्धधर्म हिन्दूधर्मको शाखा हो भनी जहाँपायो त्यहाँ, जतिखेर पायो उतिखेर चिल्लाउँदैछन्। यस्को अर्थ के हो ? रहस्य के हो ? के लिखतम यौटा कुरा मौखिक अर्कै कुरा गरेर फुक्याउनु उचित हो ? धर्ममा गहिरो अध्ययन नभएका जिज्ञासुहरूलाई के त्यसरी भुलभुलैयामा राख्नु उचित हो ? के यही नै धर्म हो ? के धर्म भनेको यस्तै हुन्छ ? यी यस्ता प्रश्नहरू हुन जसको जवाफ आजका विद्वानहरूले इमान्दारीपूर्वक शास्त्रसम्मत किसिमले दिनु पर्दछ। इतिहासलाई साक्षी राखेर दिनुपर्दछ र सत्यलाई आधार मानेर दिनु पर्दछ।

४५. यसरी यी दुई धर्महरूको दर्शन, सिद्धान्त, आचार,

Downloaded from http://dhamma.digital

विचार, व्यवहार आदि सबै पक्षहरू मौलिक रूपमा नै फरक देखिन्छन् । तापनि केही स्वार्थी विद्वानहरूले बुद्धधर्मलाई हिन्दूधर्मको एक शाखाको रूपमा तथा गौतम बुद्धलाई हिन्दूधर्मको ईश्वरका अवतारहरू मध्ये नवौं अवतारमा राख्ने प्रयास गरेको देख्दा हिन्दू र बौद्ध दुवैलाई आश्चर्य भएको देखिन्छ । किनभने हिन्दूधर्मका सबै अवतारहरू आस्तिक छन् । तर पछि अवतारका रूपमा स्वीकारेका गौतम बुद्ध एकजनामात्र नास्तिक छन् । आस्तिकहरूको श्रृङ्खलामा एकजना नास्तिकलाई किन र कसरी अवतारको रूपमा ग्रहण गर्न खोजिएको हो यो बुझ्न गाऱ्हो छ । अझ त्यो भन्दा गाऱ्हो यस कुरामा छ कि ईश्वरको अस्तित्व स्वीकार नगर्ने गौतम बुद्धलाई ईश्वरको नवौं अवतारको रूपमा राखिने प्रयास भयो र फेरि त्यो प्रयास गौतम बुद्धको जीवनकालमा र त्यसपछि पनि भारतवर्षमा जब बुद्धधर्मको स्वर्णीमकाल थियो, त्यतिबेलासम्म पनि उनलाई अवतारको रूपमा वर्णन गरेको पाइदैन भने आजकायी बिद्वानहरूको भनाईलाई कुन आधारमा स्वीकार गर्ने ? कुन आधारमा मान्ने ? कुनै आधार विना गरिएको यो प्रचार न बौद्धले न सच्चा हिन्दूले नै स्वीकार गर्न सक्छ ।

४६. उता बौद्ध वाङमय पल्टायौ भने हामी गौतम बुद्ध भन्दा पहिले पनि यस पृथ्वीमा कतिपय बुद्धहरू विद्यमान भएको पाउँछौं । दीपंकर बुद्धदेखि कनकमुनि बुद्ध, ककुछन्द बुद्ध र गौतम बुद्धसम्मको आफ्नै इतिहास छ । हिन्दूधर्मका रामचन्द्र र कृष्णहरूका समकालीन एवं सत्य, त्रेता, र द्वापर युगमा पनि विभिन्न बुद्धहरू यस पृथ्वीमा अवतरण भई धर्मदेशना दिएका बौद्ध शास्त्रहरूमा देखिन्छ । यसरी बुद्धधर्मलाई

हेर्दौं भने बुद्धधर्मको आफ्नै दर्शन, आफ्नै सिद्धान्त आफ्नै स्वतन्त्र आधार भएको प्रष्ट देखिन्छ । आफ्नै दर्शन, आफ्नै सिद्धान्त भएको र आफ्नै आधारमा मजबूत भएकोले बुद्धधर्म अरू धर्मको शाखा हो, हांगा हो भन्नु अनावश्यक र अनर्गल प्रचार मात्र हो, कपोलकल्पित हो, मनगढन्ते तर्क हो र आधारहीन कुरा हो ।

४७. बुद्धधर्म हिन्दूधर्मको शाखा हो, बुद्ध हिन्दूधर्मका नवौं अबतार हुन भन्ने कुरा आजभोलि मौसम बेमौसममा ब्यक्त गरिंदैछन्, किन, कसरी र कहांबाट यो कुरा चलाउँदै लगिएको हो, यो एक अध्ययनको कुरा हो । तापनि धर्म जस्तो विषयलाई जतिखेर पायो उतिखेर कोट्याउँदा समाजमा त्यसको नराम्रो असर पर्न सक्छ र एकजना स्वार्थी विद्वानले हो भनेर तर्कदियो भने अर्को पक्षले होइन भनेर प्रमाण प्रस्तुत गर्नुपर्ने स्थिति आउनसक्छ । यो हो र होइनको विवादले अरू मनोमालिन्यता ल्याउनसक्छ र आजको हाम्रो स्वस्थ्य सामाजिक एवं धार्मिक स्थिति धमिलिन सक्छ । यो विवाद चर्कंदै गएमा हार र जीतको प्रश्न बनेर प्रतिष्ठाको विषय हुन सक्छ र हामीमा अन्तरनिहित सहिष्णुता समेत नष्ट हुन सक्छ । त्यसो भएमा स्थिति अरू जेलिंदै जाने देखिन्छ । हामी त्यति पर पुग्नु हुँदैन । त्यति परको स्थिति हामी कसैको हितमा हुँदैन । यो कुरा समयमै सबैले हृदयंगम गर्नु पर्दछ । कसैको मौलिक अस्तित्त्वलाई धक्का पुऱ्याउनु बुद्धिमानी होइन ।

—: अस्तु :—

—०—

Downloaded from http://dhamma.digital

## पुस्तक पाइने ठाउँ —

१. आनन्दकुटी विहार
स्वयम्भू, काठमाडौं । फो. नं. २७१४२०

२. संघाराम भिक्षु तालिम केन्द्र
ढुटी, ढल्को शोभा भगवती अगाडि, काठमाडौं ।
फो. नं. २१५०२०

३. हेराकाजी सुजिका
नागबहाल, ललितपुर ।

४. बुद्ध विहार (बाल्मिकी संस्कृत क्याम्पस पछाडि)
भृकुटी मण्डप, काठमाडौं । फो. नं. २२६७४३

५. धार्मिक पुस्तक केन्द्र
खिचापोखरी, काठमाडौं ।

६. लक्की स्टोर्स
भैरव टोल, पोखरा ।

Downloaded from http://dhamma.digital

२३. कालीन ब्रह्मादिदेव भाग–२ ...रू. १८/–

२४. बुद्धकालीन ब्रह्मादिदेव भाग–३ ...रू. १४/–

२५. बुद्धकालीन प्रेतकथा (अप्राप्य) ...रू. १०/–

२६. बुद्धकालीन विमानकथा (अप्राप्य) ...रू. १२/–

२७. जातक संग्रह भाग–१ ...रू. १०/–

२८. जातक संग्रह भाग–२ ...रू. ८/–

२९. जातक संग्रह भाग–३ ...रू. १३/–

३०. जातक संग्रह भाग–४ ...रू. १२/–

३१. जापान भ्रमणको डायरी ...रू. ४/–

३२. विषय सूची ...रू. ५/–

३३. नेपालमा थेरवाद बुद्धधर्मको संक्षिप्त इतिहास.. (अप्राप्य)

३४. संक्षिप्त कथा सहित धम्मपद भाग–१ (दोस्रो सं)...रू. १५/–

३५. बोधि राजकुमार (अप्राप्य)...रू. ४/–

३६. त्रिरत्न वन्दना र पाठ्यसूत्र (४०) ...रू. ४/–

३७. जातकमाला (नेवारी) भाग–१ (तेस्रो संस्करण)...रू. ४/–

३८. पालिपाठमञ्जरी भाग–२ ...रू. ६/–

३९. संक्षिप्त बुद्धजीवनी (चतुर्थसंस्करण) ...रू. १०/–

४०. वार्षिक प्रतिवेदन (२०४० सालको)

४१. वार्षिक प्रतिवेदन (२०४१ सालको)

४२. वार्षिक प्रतिवेदन (२०४२ सालको)

४३. धम्मपदट्ठकथा (नेवारी) (द्वि. सं.) भाग–१ ...रू. १२/–

४४. धम्मपदट्ठकथा (नेवारी) भाग–२ ...रू. १०/–

४५. धम्मपदट्ठकथा (नेवारी) भाग–३ ...रू. १८/–

४६. आनन्दकुटी विहार गुठीको प्रकाशन (सूची) ...रू. २/–

Downloaded from http://dhamma.digital

४७. न्ह्यस:या लिस: (४५) ...रू. ३/-

४८. A Short History of Theravada Buddhism in Modern Nepal... (Third Edi.) ...रू. २२/-

४९. Kings of Buddha's Time ...रू. १९/-

५०. Buddhism at a Glance ...रू. ६/-

५१. A Brief Biography of Ven. Bhikkhu Amritananda (५२) ...रू. ८/-

५२. Buddhism of Nepal (५३) ...रू. १२/-

५३. (एक ब्राह्मण) भिक्षुको जीवनी ...रू. २/-

५४. यशोधरा (५१) ...रू. ११/-

५५. मेरो जीवन यात्रा (५४) ...रू. २/५०

५६. विषय सूची (२०४४) ...रू. १०/-

५७. महाकश्यप महास्थविर (नेवारी) ...रू. २०/-

५८. उभयपातिमोक्ख (उभयप्रातिमोक्ष, नेवारी) ...रू. २०/-

५९. माँ-बौं सेवा ...रू. ३/-

६०. सोलुखुम्बू यात्राको डायरी ...रू. ५/-

६१. धर्म-ज्योति ...रू. १३/-

६२. वेस्सन्तर जातक ... रू. १२/-

६३. ह्लापायापिं प्रसिद्ध बज्राचार्यपिं ... रू. ५/-

६४. धम्मपद (नेवारी, चतुर्थ संस्करण) ... रू. ८/-

६५. गृही-विनय (दोस्रो संस्करण) ... रू. १०/-

६६. धम्मपद (नेपाली तेस्रो संस्करण) ... रू. १०/-

६७. के बुद्धधर्म हिन्दूधर्मको शाखा हो र ? ... रू. ४/५०

Downloaded from http://dhamma.digital